
मधेशदृष्टिमा विज्ञापनका लागि सम्पर्क नं.:
9854028218
9802592799
9803474311
9817806395

नजर हमर
राष्ट्रिय दैनिक
मधेशदृष्टि
Madheshdristi National Daily
www.emadheshdristi.com


## फागुनको निर्वाचन परिणाम अस्वभाविक, संविधान र लोकतन्त्र संकटमाः ओली



बाँकी पृष्ठ ५ मा

वर्ष ४ | अंक १९२ | २०८३ साल जेष्ठ १७ गते आइतबार | Sunday 31, May 2026 | सूर्योदय: बिहान ०५:१२ बजे | सूर्यास्त: साँझ ०६:५३ बजे | पृष्ठ ८ | मूल्य रु. ५/-

# संघीय बजेटलाई लिएर मधेशमा न उत्साह न निराशा !




**मधेशदृष्टि**
**जनकपुरधाम।**
संघीय सरकारले आगामी आर्थिक वर्ष २०८३/८४ का लागि २१ खर्ब २४ अर्ब ३४ करोड रुपैयाँको बजेट सार्वजनिक गरेसँगै मधेश प्रदेशमा यसको प्रभावबारे मिश्रित प्रतिक्रिया देखिएको छ । बजेटले केही क्षेत्रमा आशा जगाएको भए पनि मधेशका धेरै महत्वाकांक्षी योजनालाई बेवास्ता गरिएको भन्दै असन्तुष्टि पनि व्यक्त गरिएको छ।

अर्थमन्त्री डा. स्वर्णिम वाग्लेले संसदमा प्रस्तुत गरेको बजेटमा जनकपुरधामलाई अन्तर्राष्ट्रिय विवाह तथा धार्मिक पर्यटन केन्द्रका रूपमा विकास गर्ने योजना अघि सारिएको छ। साथै, जानकी मन्दिरलाई विश्व सम्पदा सूचीमा सूचीकृत गराउने प्रक्रिया अगाडि बढाउने, रामजानकी पथ तथा परिक्रमा मार्गको स्तरोन्नति गर्ने कार्यक्रमलाई निरन्तरता दिइएको छ।

पूर्वाधार विकासतर्फ हुलाकी राजमार्ग र द्रुतमार्ग निर्माणलाई गति दिने, काठमाडौं–मधेश रेल सञ्जाल विस्तार गर्ने तथा बर्दिबास–विराटनगर रेलमार्ग निर्माणका लागि बजेट व्यवस्था गरिएको उल्लेख छ । जनकपुरधाम–जयनगर–बर्दिबास रेलमार्गको बाँकी खण्ड सम्पन्न गर्न आवश्यक स्रोत सुनिश्चित गरिने सरकारको दाबी छ।

मधेश प्रदेश नीति तथा योजना आयोगका उपाध्यक्ष राजकुमार सिंहले बजेटलाई समग्रमा सकारात्मक रूपमा लिएका छन् । उनका अनुसार विगतका वर्षको तुलनामा प्रदेशमुखी सोचसहित बजेट आएको छ । विशेष र समपूरक अनुदानलाई निरन्तरता दिनु तथा सामाजिक विकासलाई प्राथमिकता दिनु मधेशका लागि उत्साहजनक पक्ष भएको उनले बताए।

तर अर्थशास्त्री ननु झाले बजेटमा घोषणा गरिएका कार्यक्रमका लागि स्पष्ट वित्तीय व्यवस्था नदेखिएको भन्दै कार्यान्वयनप्रति शंका व्यक्त गरेका छन्। जानकी मन्दिरको विश्व सम्पदा सूचीकरण तथा जनकपुरधामलाई वैवाहिक पर्यटन गन्तव्य बनाउने योजना उल्लेख भए पनि त्यसका लागि छुट्टै बजेट विनियोजन नदेखिनुले परिणामप्रति प्रश्न उठाएको उनको भनाइ छ।

झाले हुलाकी राजमार्ग, रामजानकी अन्तर्राष्ट्रिय रंगशाला तथा बर्दिबास मेडिकल कलेजजस्ता बहुप्रतीक्षित आयोजनालाई पर्याप्त प्राथमिकता नदिइएको भन्दै मधेशमा अपेक्षित उत्साह पैदा हुन नसकेको टिप्पणी गरे । बजेट आकर्षक देखिए पनि कार्यान्वयन पक्ष कमजोर हुन सक्ने उनको आशंका छ । राजनीतिक वृत्तबाट पनि बजेटप्रति आलोचना भएको छ । नेकपा एमाले मधेश प्रदेश संसदीय दलका नेता सरोज यादवले मधेशबाट प्राप्त राजनीतिक समर्थनको अनुपातमा बजेट नआएको आरोप लगाए। संघीयताको भावना विपरीत बजेट निर्माण गरिएको उनको तर्क छ।

उनले रामजानकी अन्तर्राष्ट्रिय रंगशाला, जनकपुरधाम र वीरगंजजस्ता प्रमुख सहर तथा बर्दिबास मेडिकल कलेजजस्ता योजनालाई पर्याप्त सम्बोधन नगरिनु चिन्ताको विषय भएको बताए। वर्तमान सरकार निर्माणमा मधेशको महत्वपूर्ण भूमिका रहे पनि प्रदेशले अपेक्षित लाभ नपाएको उनको गुनासो छ।

त्यस्तै, जसपा नेपाल मधेश प्रदेश संसदीय दलका नेता सरोज यादवले समेत हुलाकी राजमार्गजस्तो रणनीतिक महत्वको आयोजनालाई प्राथमिकतामा नराखिएको भन्दै असन्तुष्टि जनाएका छन् । उनका अनुसार यो बजेटले मधेशका आवश्यकता र अपेक्षालाई पर्याप्त रूपमा सम्बोधन गर्न सकेको छैन।

समग्रमा, आगामी आर्थिक वर्षको बजेटले मधेशका केही पुराना कार्यक्रमलाई निरन्तरता दिँदै पर्यटन, यातायात र सामाजिक विकासका क्षेत्रमा आशा जगाउने प्रयास गरेको देखिए पनि बहुप्रतीक्षित आयोजनामा पर्याप्त ध्यान नदिइएको भन्दै आलोचना पनि उत्तिकै सुनिएको छ।

# कृषि उपकरणमा भन्सार दर वृद्धि गरेकोभन्दै किसानहरुको आपत्ति



**मधेशदृष्टि**
**वीरगंज।**
कृषिप्रधान देश नेपालमा कृषि क्षेत्रको आधुनिकीकरणलाई प्रोत्साहन गर्नुपर्ने बेला सरकारले विभिन्न कृषि उपकरणमा लाग्ने भन्सार दर वृद्धि गरेको छ । यसले सवैभन्दा बढि असर कृषि प्रधान प्रदेश मधेशमा पर्ने भन्दै मधेशका किसानहरू आपती जनाएका छन्।

बजेट भाषनमा थ्रेसर, पराल काट्ने मेसिन, कल्टिभेटर, हार्बेस्ट कम्बाइन लगायतका कृषि मेसिनरीमा लाग्दै आएको १ प्रतिशत भन्सार दर बढाएर ५ प्रतिशत पु¥याइएको छ । यस निर्णयले कृषि उपकरणको लागत बढ्ने र त्यसको प्रत्यक्ष असर किसानमाथि पर्ने भएको छ । कृषि उत्पादन लागत वृद्धि भई कृषकहरू थप आर्थिक दबाबमा पर्ने भन्दै मधेशका कृषकहरूले असन्तुष्टी जनाएका छन्।

कृषि क्षेत्रलाई प्रतिस्पर्धी र आधुनिक बनाउन आवश्यक उपकरणहरू सहज र सुलभ बनाउनुपर्ने अवस्थामा भन्सार दर वृद्धि हुनु चिन्ताको विषय भएको निर्मल ठोरी साना किसान कृषि सहकारी संस्था लिमिटेडका अध्यक्ष खगेन्द्र श्रेष्ठले बताउनु भयो। त्यसैगरि रौतहट कृषक महासंघका अगुवा सुरेन्द्र कुमारले सरकारको यो निर्णयले कृषि मेसिनरीको बजार मूल्य बढ्ने र त्यसको मार साना किसानहरूमा पर्ने भएकाले पुनर्विचारको माग गरिरहेका छन्।

कृषिको विकास र आत्मनिर्भरताको लक्ष्य हासिल गर्न कृषि उपकरणमा सहुलियत र प्रोत्साहन आवश्यक रहेको सरोकारवालाहरूको धारणा छ।

# दुई अर्बभन्दा बढीको शहरी पूर्वाधार अभियान, १ अर्ब ६५ करोडको टेन्डर आह्वान



**मधेशदृष्टि**
**जनकपुरधाम।**
वर्षौंदेखि जीर्ण सडक, अव्यवस्थित नाला, फुटपाथको अभाव तथा वर्षायाममा हुने डुबान समस्याबाट प्रभावित जनकपुरधामलाई आधुनिक, सुरक्षित र व्यवस्थित शहरका रूपमा विकास गर्ने लक्ष्यसहित ठूलो पूर्वाधार निर्माण अभियान सुरु गरिएको छ । जनकपुरधाम उपमहानगरपालिकाको पहल तथा नेपाल सरकार र एशियाली विकास बैंक (एडीबी) को सहयोगमा सञ्चालित 'अर्बन रेजिलियन्स एण्ड लिभेबिलिटी इम्प्रुभमेन्ट प्रोजेक्ट (यूआरएलआईपी)' अन्तर्गत १ अर्ब ६५ करोड रुपैयाँभन्दा बढी लागतको सडक, नाला, फुटपाथ तथा सडक सौन्दर्यीकरणसम्बन्धी निर्माण कार्यका लागि अन्तर्राष्ट्रिय बोलपत्र आह्वान गरिएको हो।

उपमहानगरपालिकाका अनुसार परियोजनाअन्तर्गत मुख्य तथा सहायक सडकको स्तरोन्नति, आधुनिक ढल तथा ड्रेनेज प्रणाली निर्माण, व्यवस्थित फुटपाथ, सडक सुरक्षा संरचना तथा रोड फर्निचर जडान गरिनेछ । यसले जनकपुरधामको शहरी पूर्वाधार विकासमा महत्वपूर्ण परिवर्तन ल्याउने अपेक्षा गरिएको छ । परियोजनामा अन्तर्राष्ट्रिय स्तरका निर्माण कम्पनीहरूलाई सहभागी हुन आह्वान गरिएको छ। बोलपत्रमा सहभागी कम्पनीको न्यूनतम वार्षिक कारोबार ९.४१७ मिलियन अमेरिकी डलर हुनुपर्ने, पर्याप्त वित्तीय क्षमता भएको तथा यस्तै प्रकृतिका ठूला पूर्वाधार आयोजना सम्पन्न गरेको अनुभव अनिवार्य गरिएको छ । साथै ०.१८८ मिलियन अमेरिकी डलर बराबरको बिड सेक्युरिटी पेश गर्नुपर्ने व्यवस्था गरिएको छ। बोलपत्र पेश गर्ने अन्तिम मिति ७ जुलाई २०२६ तोकिएको छ।

उपमहानगरपालिकाका स्रोतका अनुसार हालको १ अर्ब ६५ करोड रुपैयाँ बराबरको टेन्डरपछि करिब ५० करोड रुपैयाँको अर्को पूर्वाधार प्याकेजको बोलपत्र पनि छिट्टै आह्वान गरिने तयारी छ । यससँगै जनकपुरधाममा शहरी पूर्वाधार विकासका लागि दुई अर्ब रुपैयाँभन्दा बढीको लगानी भित्रिने अनुमान गरिएको छ । जनकपुरधाम उपमहानगरपालिकाका प्रमुख मनोजकुमार साहले परियोजनालाई शहरको दीर्घकालीन विकास यात्राको महत्वपूर्ण उपलब्धिका रूपमा चित्रण गरेका छन् । उनका अनुसार धार्मिक, सांस्कृतिक तथा पर्यटकीय दृष्टिले अन्तर्राष्ट्रिय महत्व बोकेको जनकपुरधाम पूर्वाधार विकासको हिसाबले अझै धेरै चुनौतीसँग जुधिरहेको छ।

उनले वर्षौंदेखि बिग्रिएका सडक, पैदल यात्रुका लागि सुरक्षित फुटपाथको अभाव तथा अव्यवस्थित नालाको समस्यालाई समाधान गर्ने उद्देश्यले निरन्तर पहल गरिएको र त्यसकै परिणामस्वरूप परियोजना कार्यान्वयनको चरणमा पुगेको बताए । मेयर साहका अनुसार परियोजनाको उद्देश्य सडक निर्माणमा मात्र सीमित नभई समग्र शहरी व्यवस्थापनलाई व्यवस्थित बनाउनु हो । सडकसँगै प्रभावकारी ड्रेनेज प्रणाली, पैदल यात्रुको सुविधा, सडक सुरक्षा तथा शहरी सौन्दर्यीकरणलाई समान प्राथमिकता दिइएको उनले बताए ।

परियोजनाको कार्यान्वयनमा पारदर्शिता, गुणस्तर र समयसीमालाई विशेष महत्व दिइने उनले स्पष्ट पारे। सार्वजनिक स्रोत र अन्तर्राष्ट्रिय साझेदारको लगानीबाट निर्माण हुने संरचनामा कुनै सम्झौता नगर्ने तथा गुणस्तरहीन काम, ढिलासुस्ती वा अनियमितता भए कडा निगरानी गरिने उनको भनाइ छ।

हाल जनकपुरधामका अधिकांश सडक वर्षायाममा हिलाम्य हुने, सामान्य वर्षामा पनि पानी जम्ने तथा पैदल यात्रुहरूले सुरक्षित रूपमा आवतजावत गर्न नसक्ने समस्या झेलिरहेका छन् । मुख्य बजार क्षेत्र, धार्मिक स्थल आसपास तथा घना बस्ती भएका वडाहरूमा नाला र फुटपाथको अभावले सर्वसाधारणलाई दैनिक सास्ती हुने गरेको छ । स्थानीयवासीहरूले परियोजना प्रभावकारी रूपमा सम्पन्न भए यातायात व्यवस्थापन, सरसफाइ, व्यापारिक गतिविधि र पर्यटन क्षेत्रमा सकारात्मक प्रभाव पर्ने विश्वास व्यक्त गरेका छन्। धार्मिक पर्यटकहरूको प्रमुख गन्तव्यका रूपमा रहेको जनकपुरधाममा आधुनिक पूर्वाधार निर्माणले आन्तरिक तथा बाह्य पर्यटन प्रवद्र्धनमा समेत योगदान पुग्ने अपेक्षा गरिएको छ । यद्यपि विगतका केही विकास निर्माण आयोजनामा ढिलासुस्ती, गुणस्तरसम्बन्धी प्रश्न तथा विभिन्न विवाद देखिएकाले यस परियोजनाप्रति उत्साहसँगै सतर्कता पनि रहेको छ । शहरी विकासका जानकारहरूका अनुसार यस्ता ठूला परियोजनाको सफलता बजेटको आकारले मात्र तय हुँदैन । निर्माणको गुणस्तर, निर्धारित समयभित्र काम सम्पन्न गर्ने क्षमता, प्रभावकारी अनुगमन, प्राविधिक मापदण्डको पालना तथा सरोकारवालाबीचको समन्वयले मात्र अपेक्षित परिणाम दिन सक्छ । धार्मिक, सांस्कृतिक र ऐतिहासिक पहिचान बोकेको जनकपुरधामलाई आधुनिक शहरी पूर्वाधारयुक्त शहरका रूपमा रूपान्तरण गर्ने लक्ष्यसहित अघि बढाइएको यो परियोजना अहिले जनकपुरवासीका लागि आशाको केन्द्र बनेको छ । योजना सफलतापूर्वक कार्यान्वयन भए आगामी केही वर्षमै जनकपुरधामको सडक, नाला, फुटपाथ तथा समग्र शहरी व्यवस्थापनमा उल्लेखनीय परिवर्तन देख्न सकिने अपेक्षा गरिएको छ।

# लालपुर्जाको माग गर्दै चर्कियो भूमिहीन तथा सुकुम्बासीको आन्दोलन



मधेशदृष्टि
महोत्तरी।
महोत्तरीको गौशाला नगर क्षेत्रमा भूमिहीन दलित, सुकुम्बासी तथा अव्यवस्थित बसोबासीहरूको आन्दोलन तीव्र बनेको छ। गौशाला नगरपालिका र गाई गौशाला व्यवस्थापन कार्यालयविरुद्ध प्रदर्शनमा उत्रिएका स्थानीयले संविधानले सुनिश्चित गरेको आवास तथा भूमिसम्बन्धी अधिकार कार्यान्वयन गर्न माग गरेका छन्।

आन्दोलनकारीहरूले भूमिहीन तथा अव्यवस्थित बसोबासीलाई लालपुर्जा वितरण गर्न, बस्ती हटाउने नाममा डोजर प्रयोग गर्ने कार्य रोक्न तथा दीर्घकालीन समाधान खोज्न सरकारसँग माग गरेका छन् । गौशाला नगरपालिका–४ का रन्जित साह कनोजियाले आफूहरू वर्षौंदेखि बसोबास गर्दै आएको स्थानबाट हटाउन खोजिएको भन्दै असन्तुष्टि जनाए । स्थानीय सरकारको कार्यशैलीप्रति आपत्ति व्यक्त गर्दै उनले समस्या समाधानका लागि तत्काल पहल आवश्यक रहेको बताए।

पीडित विकास साहले घर भत्काइने चर्चा चल्न थालेपछि स्थानीय बासिन्दामा त्रास फैलिएको बताए। तनावका कारण आफ्ना बुबाको एक साताअघि निधन भएको दाबी गर्दै उनले सम्बन्धित निकायलाई मानवीय संवेदनशीलता अपनाउन आग्रह गरे । स्थानीय जगदीश साहले पुस्तौंदेखि बसोबास गर्दै आएका नागरिकलाई अहिले आएर अवैध भन्नु न्यायोचित नहुने बताए। कर तिर्ने बेला नागरिक सम्झने तर अधिकार दिने बेला बेवास्ता गर्ने प्रवृत्ति अन्त्य हुनुपर्ने उनको भनाइ थियो।

नेकपा (माओवादी केन्द्र) का नेता विष्णु लामाले नगरपालिका ११५ नम्बर कित्तामा मात्र डोजर चलाउन अग्रसर भएको भन्दै विरोध जनाए। अन्य स्थानमा पनि एलानी जग्गा रहेको उल्लेख गर्दै उनले सबै क्षेत्रमा समान मापदण्ड लागू हुनुपर्ने धारणा राखे। नेपाली कांग्रेसकी महिला नेतृ बसन्ती अर्यालले गाई गौशाला व्यवस्थापन कार्यालय र नगरपालिकाको कार्यशैलीप्रति असन्तुष्टि व्यक्त गरिन् । केही वर्षअघि खाली गराइएको क्षेत्रमा पुनः पक्की घर निर्माण भएको उल्लेख गर्दै उनले त्यस विषयमा निष्पक्ष छानबिन हुनुपर्ने माग गरिन्। गरिब तथा सुकुम्बासीमाथि मात्र कडा नीति लागू गर्नु उचित नहुने उनको भनाइ थियो।

गौशाला उद्योग वाणिज्य संघका अध्यक्ष रामराजा प्रसाद साहले ११५ नम्बर कित्तामा तत्कालीन गाविसले बिटौरी काटेर बसोबास गराएको बताए । उनका अनुसार उक्त क्षेत्रमा केही परिवार ६० देखि ७० वर्षदेखि बसोबास गर्दै आएका छन् । लामो समयदेखि बसोबास गरिरहेका नागरिकलाई विस्थापित गर्नुको सट्टा लालपुर्जा वितरण गरेर समस्या समाधान गर्न राज्यले पहल गर्नुपर्ने उनले बताए।

उनले गाई गौशाला व्यवस्थापन कार्यालयले पनि आफ्नो स्वामित्व दाबी गर्दै जग्गा खाली गराउन खोजिरहेको आरोप लगाए । विगतमा खाली गराइएको स्थानमा पुनः पक्की घर निर्माण भएको विषयमा समेत छानबिन आवश्यक रहेको उनको भनाइ थियो । आन्दोलनकारीहरूले समस्या समाधानका लागि सम्बन्धित निकायसँग तत्काल वार्ता, स्पष्ट नीति तथा मानवीय व्यवहार अपनाउन माग गरेका छन् । आन्दोलन थप सशक्त बन्न सक्ने चेतावनीसमेत उनीहरूले दिएका छन्।

# गरिब, किसान र श्रमिकलाई बजेटले सम्बोधन नगरेको नेता ज्ञवालीको टिप्पणी



**काठमाडौं।**
नेकपा एमालेका नेत प्रदीप ज्ञवालीले आगामी आर्थिक वर्षको बजेटले गरिब, किसान र श्रमिकलाई सम्बोधन नगरेको बताएका छन् । शुक्रबार सार्वजनिक गरिएको बजेटबारे टिप्पणी गर्दै नेता ज्ञवालीले सत्तारुढ दलले विगतका सरकारमाथि देशलाई ऋणमा डुबाएको आरोप लगाउने गरेको तर आफ्नो बजेटमा भने ६ खर्ब ५७ अर्ब रुपैयाँ ऋण उठाउने व्यवस्था गरेको बताए।

उनका अनुसार बजेटमा २ खर्ब ४७ अर्ब वैदेशिक र ४ खर्ब १० अर्ब आन्तरिक ऋणको प्रबन्ध गरिएको छ। ज्ञवालीले कुल बजेटको करिब २० प्रतिशत मात्रै पुँजीगत खर्च प्रस्ताव गरिएकाले ७ प्रतिशत आर्थिक वृद्धिदर हासिल गर्ने लक्ष्य असम्भवप्रायः रहेको बताएका छन्।

उनले घरायसी विद्युत् महसुल र राइड सेयरिङ सेवामा मूल्य अभिवृद्धि कर भ्याट लगाउने व्यवस्थाको पनि आलोचना गरेका छन् । त्यस्तै निजी विद्यालयमा अध्ययन गर्ने विद्यार्थीका अभिभावकबाट ३ प्रतिशत 'शिक्षा समता शुल्क' र निजी अस्पतालमा उपचार गर्ने बिरामीबाट ३ प्रतिशत 'स्वास्थ्य समता शुल्क' उठाउने निर्णयले थप भार पर्ने उनको भनाइ छ । यद्यपि उनले निर्माणाधीन ठूला पूर्वाधार आयोजनालाई निरन्तरता दिने, अनावश्यक संरचना खारेज गर्ने, कच्चा पदार्थको भन्सार दर तयारी वस्तुभन्दा कम बनाउने तथा कर प्रणाली सरलीकरण गर्ने जस्ता केही पक्षलाई सकारात्मक रूपमा उल्लेख गरेका छन् । अर्थमन्त्री स्वर्णिम वाग्लेले शुक्रबार संघीय संसद्मा आर्थिक वर्ष २०८३–८४ को बजेट प्रस्तुत गरेका थिए । बजेट सार्वजनिक भएसँगै सत्तापक्ष र प्रतिपक्षका नेताहरूबाट पक्ष–विपक्षमा प्रतिक्रिया आउने क्रम जारी छ। रासस

# एमाले छाडेको घोषणा गरेका अरगरियालाई नै पार्टीको नयाँ जिम्मेवारी

**मधेशदृष्टि**
**जनकपुरधाम।**
नेकपा एमालेका केन्द्रीय सदस्य उमाशंकर अरगरियाले पार्टी परित्यागको घोषणा गरेको केही दिनमै पार्टीले उनलाई महत्वपूर्ण जिम्मेवारी दिएको छ । पार्टीभित्र गुटबन्दी बढेको, आफ्ना धारणा र सुझावको सुनुवाइ नभएको भन्दै अरगरियाले गत आइतबार एमाले परित्याग गरेको घोषणा गरेका थिए। तर उनले पार्टी छाडेको पाँच दिनपछि एमाले अध्यक्ष केपी शर्मा ओलीद्वारा जारी अन्तरपार्टी निर्देशनमा उनलाई जिम्मेवारी दिइएको देखिएको छ।



निर्देशनअनुसार अरगरियालाई एमाले केन्द्रीय सदस्यकै हैसियतमा 'मिसन पार्टी जागरण धनुषा' अभियानको संयोजक तोकिएको छ । यसले उनको पार्टी परित्याग घोषणापछि एमाले नेतृत्वले लिएको पछिल्लो निर्णयबारे राजनीतिक वृत्तमा चर्चा सुरु भएको छ। पूर्वमन्त्रीसमेत रहेका अरगरिया २०७९ असोज ८ गते लोकतान्त्रिक समाजवादी पार्टी (लोसपा) परित्याग गरी एमाले प्रवेश गरेका थिए । त्यसबेला एमाले नेता महेश बस्नेतको पहलमा उनी पार्टीमा भित्रिएका थिए । एमालेमा प्रवेश गरेपछि उनले धनुषा निर्वाचन क्षेत्र नम्बर–२ बाट २०७९ र २०८२ सालमा प्रतिनिधिसभा सदस्यका लागि उम्मेदवारी दिएका थिए। तर दुवै निर्वाचनमा पराजित भएका थिए । पछिल्लो समय पार्टीभित्र अपेक्षाअनुसार जिम्मेवारी नपाएको र नेतृत्वले बेवास्ता गरेको गुनासो गर्दै आएका अरगरियाले असन्तुष्टि जनाउँदै एमाले छाडेको घोषणा गरेका थिए। तर पार्टीले उनलाई पुनः जिम्मेवारी दिएपछि उनको आगामी राजनीतिक कदम के हुन्छ भन्ने चासो बढेको छ।

लोसपाबाट एमालेमा प्रवेश गरेपछि राजनीतिक रूपमा अपेक्षित अवसर प्राप्त गर्न नसकेको महसुस गरेका अरगरियाले पार्टीबाट दूरी बनाउने निर्णय गरेका थिए । यद्यपि एमालेले उनलाई अभियानको नेतृत्व सुम्पिएसँगै उनको राजनीतिक यात्राले नयाँ मोड लिन सक्ने अनुमान गरिएको छ।

# 'नेपाल–भारतबीच पत्रकारिता क्षेत्रमा सहकार्य विस्तार आवश्यक छ'

**भैरहवा।**
नेपाल र भारतका सञ्चारकर्मीले दुई देशबीचको सम्बन्धलाई थप प्रगाढ बनाउँदै पत्रकारिताको क्षेत्रमा सहकार्य विस्तार गर्नुपर्नेमा जोड दिएका छन् । हिन्दी पत्रकारिताको दुई सय वर्ष पूरा भएको अवसरमा आज भारतको गोरखपुरमा आयोजित अन्तर्क्रियामा सहभागी दुवै देशका सञ्चारकर्मीहरूले सहकार्यमा जोड दिएका हुन् । प्रेस क्लब, गोरखपुर र गोरखपुर जर्नालिस्ट प्रेस क्लबको संयुक्त आयोजनामा भएको कार्यक्रममा पत्रकारिताको बदलिँदो स्वरूप, खोज पत्रकारिता, सीमापार सहकार्य तथा नेपाल–भारत सम्बन्धलाई सञ्चार माध्यममार्फत थप सुदृढ बनाउने विषयमा छलफल भएको थियो।

कार्यक्रममा वरिष्ठ पत्रकार तथा आजतक टेलिभिजनका प्रतिनिधि गजेन्द्र त्रिपाठीले नेपाल र भारतबीच रहेका साझा समस्या, सामाजिक सरोकार र जनचासोका विषयमा दुवै देशका सञ्चारमाध्यमले समन्वयात्मक ढङ्गले काम गर्नुपर्ने बताए । उनले पत्रकारिताले दुई देशका नागरिकबीच आपसी विश्वास र समझदारी अभिवृद्धि गर्न महत्वपूर्ण भूमिका खेल्न सक्ने भन्दै पत्रकारहरूको एकता र सहकार्य समयको आवश्यकता भएको धारणा राखे । दैनिक जागरणका पूर्वसम्पादक कमलेश त्रिपाठीले नेपाल र भारतबीचको ऐतिहासिक, सांस्कृतिक तथा सामाजिक सम्बन्धलाई पत्रकारितामार्फत अझ बलियो बनाउनुपर्ने बताए । उनले खोज पत्रकारिताका क्षेत्रमा दुवै देशका पत्रकारले संयुक्त रूपमा काम गर्न सके सीमापार मुद्दाहरूको प्रभावकारी उजागर गर्न सकिने बताए।

प्रेस ट्रस्ट अफ इण्डियाका वरिष्ठ पत्रकार आनन्द रायले हिन्दी पत्रकारिताको दुई सय बर्से यात्राले समाजमा चेतना, लोकतान्त्रिक मूल्य र जनउत्तरदायित्व प्रवद्र्धनमा महत्त्वपूर्ण योगदान पु¥याएको उल्लेख गरे । उनले नेपाल र भारतबीचको सम्बन्धलाई अझ प्रगाढ बनाउँदै पत्रकारिताको माध्यमबाट साझा मुद्दामा सहकार्य बढाउनुपर्ने आवश्यकता औँल्याँए।

कार्यक्रममा राष्ट्रिय सहाराका पूर्वसम्पादक अनिल पाण्डे, नेपालका तर्फबाट लुम्बिनी प्रेस क्लबका अध्यक्ष कमल रायमाझीलयातले नेपाल—भारतबीचको सम्बन्धलाई थप सुदृढ बनाउन पत्रकारिताले पुलको भूमिका निर्वाह गर्नसक्ने भएकाले सहकार्यको आवश्यकता रहेको बताए । उनीहरूले सीमा क्षेत्रका साझा सवाल, पर्यटन, संस्कृति, व्यापार तथा जनस्तरका सम्बन्धलाई थप मजबुत बनाउन दुवै देशका पत्रकारबीच नियमित संवाद र सहकार्यमा जोड दिनुपर्ने धारणा राखे।

हिन्दी पत्रकारिता र पत्रिकाहरूको यात्रा ३० मे १८२६ मा कलकत्ता (हालको कोलकाता) बाट पण्डित जुगल किशोर शुक्लले प्रकाशन गरेको पहिलो हिन्दी समाचारपत्र 'उदन्त मार्तण्ड' बाट सुरु भएको त्यस अवसरमा जानकारी दिइयो । हिन्दी पत्रकारिताले दुई सय वर्ष पूरा गर्नु एउटा भाषा वा सञ्चारमाध्यमको विकासको कथा मात्र नभइ भारतीय समाज, चेतना, लोकतान्त्रिक आन्दोलन, सामाजिक परिवर्तन र विभिन्न सङ्घर्षहरूको ऐतिहासिक दस्तावेजसमेत भएको वक्ताहरूको भनाइ थियो। रासस

# अनुहार होइन, सोच र कार्यशैली बदल्ने होः थापा



**काठमाण्डौ।**
नेपाली कांग्रेसका सभापति गगन थापाले पार्टीलाई नयाँ ढंगले रुपान्तरण गर्ने संकल्प गर्दै आगामी निर्वाचनमा थारु समुदाय र महिलाहरूको अर्थपूर्ण प्रतिनिधित्व सुनिश्चित गर्ने घोषणा गरेका छन्।

शनिबार राजधानीमा आयोजित 'नेपाल थारु संघ' को प्रथम राष्ट्रिय महाधिवेशनलाई सम्बोधन गर्दै थापाले कांग्रेसभित्र अनुहार मात्र नभई सोच र कार्यशैली नै बदल्नुपर्ने आवश्यकता औंल्याए।

कांग्रेस बदलिने भनेको अनुहार बदल्ने मात्र होइन, नयाँ संकल्प र सोचका साथ काम गर्ने हो, थापाले भने,विगतका सत्कर्मबाट प्रेरणा लिने र कुकर्महरूलाई त्याग्दै अघि बढ्नु नै अहिलेको मुख्य कार्यभार हो।

उनले थारु संघलाई साझेदारी संस्थाको रुपमा अघि बढ्न आग्रह गरे। थारु समुदायले राष्ट्रिय एकता र अखण्डता रक्षाका लागि अग्रमोर्चामा रहेर काम गरेको छ, उनले थपे, संविधान संशोधन र थारु अधिकारका सवालमा यो संघले नै नेतृत्वदायी भूमिका खेल्नुपर्छ।

आगामी चुनावमा कम्तीमा १०० पालिकामा महिलालाई प्रमुख वा अध्यक्षको उम्मेदवार बनाउने लक्ष्य उनले सुनाए। यसका लागि 'लिडरसिप एकेडेमी' को कोर्स अनिवार्य गरिने र थारु समुदायबाट कम्तीमा ५ प्रतिशत क्रियाशील सदस्य थप्ने योजना उनले सार्वजनिक गरे।

# मुक्तिनाथमा दर्शनार्थी खचाखच

**मुस्ताङ।**
हिन्दू तथा बौद्धधर्मालम्बीहरूको साँझा धार्मिक तीर्थस्थल मुक्तिनाथ मन्दिरमा दर्शनार्थीको भीड बढेको छ। लगातार चारदिने बिदाको मौका पारेर यहाँ दर्शनार्थी खचाखच छन् । दर्शनार्थीको बाँक्लो उपस्थितले व्यवस्थापनमा समेत हम्मेहम्मे परेको मुक्तिनाथ विकास समितिले जनाएको छ । समितिका व्यवस्थापक दिनेश भुसालका अनुसार बिहीबारदेखि शनिबार बिहानसम्म आन्तरिक तथा भारतीय दर्शनार्थीको बाक्लो उपस्थितिले व्यवस्थापनमा दबाब बढेको बताए । उनका अनुसार दसैं–तिहार र चैते दसैंबाहेक यहाँ औसतमा पाँचदेखि सात हजारसम्म धार्मिक पर्यटकले दर्शन गर्ने गरे पनि सरकारी तथा सार्वजनिक बिदा परेका कारण पछिल्लो तीन दिनयता २० हजारदेखि २५ हजारले मन्दिर दर्शन गर्ने गरेका छन् । 'शुक्रबारदेखि मुक्तिनाथमा ठूलो संख्यामा धार्मिक पर्यटक आइरहेका छन् । भक्तजनले परिसर खचाखच भरिएर थेग्नै नसक्ने अवस्था भएकाले व्यवस्थापनका लागि सुरक्षाकर्मीको सहयोग लिनुपरेको छ', व्यवस्थापक भुसालले भने, 'हाल नेपाल प्रहरी र सशस्त्र प्रहरी परिचालन गर्नुपरेको व्यवस्थापन गर्न थालिएको छ । धार्मिक पर्यटकहरु एकैसाथ ठूलो संख्यामा आएकाले पर्यटन प्रवद्र्धनमा टेवा पुगेको छ ।'भिरालो सतहमा अवस्थित मुक्तिनाथ मन्दिरको परिसर साँघुरो भएकाले पनि व्यवस्थापनमा असहज देखिएको हो । पछिल्लो समय मुक्तिनाथ मन्दिर परिसर केही फराकिलो पारिए पनि धार्मिक पर्यटकको संख्या अपेक्षाकृत वृद्धि हुँदा मन्दिर परिसरको क्षमता कम हुँदै गएको हो । समितिले दर्शन कार्यमा सहजीकरण गराउन लाइन मिलाउने, तातोपानीको व्यवस्था र लेक लाग्नबाट जोगाउन उपचारलगायतको व्यवस्था मिलाएको जनाएको छ । जिल्ला प्रहरी कार्यालयले पछिल्लो तीन दिनयता २५ हजार बढी पर्यटक भित्रिएको जनाएको छ । राष्ट्रिय गौरवको बेनी–जोमसोम सडकमार्ग हुँदै बुधबार पाँच हजार ५८६, बिहीबार सात हजार ८२७ र शनिबार नौ हजार ८६ जना पर्यटक घाँसाबाट मुस्ताङ प्रवेश गरेको प्रहरी निरीक्षक सन्तोष बस्यालले जानकारी दिनुभयो । प्रहरी चौकी घाँसामा सवारीसाधन र पर्यटकको अभिलेख प्रविष्ट गर्ने गरिएको छ।

पछिल्लो सयम सरकारले हप्तामा आइतबारसमेत सार्वजनिक बिदा थप गराएका कारण मुस्ताङमा पर्यटकको उपस्थिति बढ्न थालेको हो । यसपटक बिहीबारदेखि लगातार बिदा परेकाले पनि मुक्तिनाथदर्शन गर्न आउने पर्यटकको संख्या बढेको हो। पर्यटकले जिल्लाको लेतेदेखि माथि मुक्तिनाथसम्मका होटलहरू पर्यटकले भरिभराउ छन् । यहाँ होटलमा एक दिनमा १० हजार बढी पर्यटक राख्न सक्ने क्षमता छ। त्यसैले हाल बसोबासका लागि कुनै समस्या नदेखिएको प्रहरी निरीक्षक बस्यालको भनाइ छ । 'हामीलाई बाँस पाइएन भन्ने गुनासो आएको छैन, दसैँ–तिहारको बेला केही समस्या देखिन्छ, तर हाल पर्यटकको उपस्थिति उल्लेख्य रहेपनि होटल पाइएन भन्ने खबर आएको छैन', उनले भने। पछिल्लो समय राष्ट्रिय गौरवको बेनी–जोमसोम सडक सहज हुँदै जान थालेपछि धार्मिक पर्यटकको उपस्थिति बर्सेनि वृद्धि हुन थालेको हो । रासस

# संख्याको भरमा नाङ्गो नाच नाच्नेहरूलाई मुद्दाको महत्व बुझाउँछौंः भीष्मराज आङदेम्बे

**काठमाण्डौ।**
नेपाली कांग्रेस संसदीय दलका नेता भीष्मराज आङदेम्बेले संसदमा संख्याभन्दा उठाइने मुद्दा र विचार महत्त्वपूर्ण हुने दाबी गरे। शनिबार नेपाल थारू संघको अधिवेशनमा बोल्दै उनले संख्याको बलमा मात्रै लोकतन्त्र सञ्चालन हुन नसक्ने भन्दै कांग्रेसको संख्या कम भए पनि मुद्दाहरू प्रभावकारी हुने बताए।



नेता आङदेम्बेको भने संसद् र पार्टीलाई पृथक ढंगबाट हेर्ने सोचबाट निकालेर पार्टी र संसद् एउटै ट्र्याकबाट हिंड्नुपर्छ, एउटै सोचबाट हिड्नुपर्छ, भन्ने मान्यतालाई स्थापित गरिरहेका छौँ । हामी संसदमा निरन्तर आवाज उठाइराख्छौँ । त्यहाँ संसदीय मर्यादालाई कायम गराउने मात्रै होइन, लोकतान्त्रिक मूल्य मान्यतालाई स्थापित गराउनको लागि पनि संख्याको भरमा नाङ्गो नाच नाच्नेहरुलाई लोकतान्त्रिक मूल्य मान्यतामा संख्याको परिणाममात्रै ठूलो कुरा हुँदैन, त्यहाँभित्र उठाइने मुद्दा ठूलो हो भन्नेकुराको स्थापित हामी गर्नेछौँ। सत्ताप्राप्ति गर्नको लागि सुरु गरिएको यात्राले कहिले एमालेको चालमा ढल्किन पुग्यौं, कहिले माओवादीको चालमा मिसिन पुग्यौं। यी दुवैको चालमा मिसिँदा हामीले हाम्रो चाल बिर्सिन पुग्यौं। कांग्रेसको चाल भनेको बहुजाती, भाषाधर्म, संस्कृतिको, हिमाल, पहाड, तराई, मधेसभित्रको संवेदनको, यी सम्पूर्ण संवेदनाहरुको एकिकृत भावना हो।

संसदीय मर्यादा र लोकतान्त्रिक अभ्यासको संरक्षणका लागि कांग्रेसले भूमिका निर्वाह गर्ने उनको भनाइ छ । कांग्रेस बहुजातीय, बहुभाषिक र बहुधार्मिक संवेदना समेट्ने दल भएको उल्लेख गर्दै उनले एकजुट भएर गुमेको पहिचान फिर्ता ल्याउनुपर्नेमा जोड दिए। वर्तमान नेतृत्वमा पार्टीलाई पुनःजागृत गर्ने जोश र हुटहुटी रहेको उनको जिकिर छ।

# 'निर्णय प्रक्रियामा महिलाको समान पहुँच सुनिश्चित गर्ने सहकार्य अपरिहार्य'

**काठमाडौँ।**
महिला, बालबालिका तथा यौनिक अल्पसङ्ख्यक र सामाजिक सुरक्षामन्त्री सीता बादीले लोकतन्त्र, सामाजिक न्याय, मानव अधिकार तथा राष्ट्रिय स्वाधीनताको आन्दोलनमा नेपाली महिलाले पु¥याएको योगदान गौरवपूर्ण रहेको बताएकी छिन् । आठौँ राष्ट्रिय महिला अधिकार दिवसका अवसरमा शनिबार आयोजित कार्यक्रममा उनले नेपालको संविधानले सुनिश्चित गरेका महिला अधिकार तिनै ऐतिहासिक सङ्घर्ष, त्याग र योगदानको उपलब्धि भएका बताइन्।

'आमाबुवाको नामबाट नागरिकता प्राप्त गर्ने, राज्यका सबै निकायमा कम्तीमा एकतिहाई महिला सहभागिता सुनिश्चित र विभेदकारी कानुनहरूको खारेजी तथा महिलाहरूमाथि हुने हिंसाको अन्त्य गर्ने ऐतिहासिक सङ्कल्प महिलाको अधिकार स्थापनाको आधार हो', मन्त्री बादीले भनिन् । सरकारले महिलाको आर्थिक, सामाजिक, राजनीतिक सशक्तीकरणलाई उच्च प्राथमिकतामा राख्दै शिक्षा, स्वास्थ्य, रोजगार, उद्यमशीलता, सामाजिक सुरक्षा तथा जीविकोपार्जन सुधारका कार्यक्रम अघि बढाएको उनको भनाइ छ । 'राज्यले अवलम्बन गरेका नीतिगत, कानुनी तथा संरचनागत सुधारका सकारात्मक परिणामस्वरूप आज राजनीतिक, प्रशासनिक तथा सामाजिक क्षेत्रमा महिलाको सहभागिता उल्लेखनीय रूपमा वृद्धि भएको छ', मन्त्री बादीले भनिन्। उनले मौजुदा मन्त्रिपरिषद्मा महिला सहभागिता ३७.५ प्रतिशत पुगेको सुनाइन्।

लैङ्गिक तथा यौनिक अल्पसंख्यक समुदायको पहिचानसहित सम्मानित र मर्यादित जीवनयापन सुनिश्चित गर्ने गरी मन्त्रालयको नामसमेत समावेशी बनाइएको उनले स्पष्ट पारिन् । 'दलित, आदिवासी जनजाति, मधेसी, मुस्लिम, थारुलगायत सीमान्तकृत तथा अति सीमान्तकृत समुदायको विषयमा पनि यस मन्त्रालयले नीति तथा कानुन निर्माणदेखि कार्यक्रम कार्यान्वयनसम्म प्रभावकारी समन्वय गरिरहेको छ', बादीले भनिन् । महिलाको क्षमता, सीप, श्रम र सृजनशीलतालाई राष्ट्रिय विकासको मूल प्रवाहमा ल्याउन तथा निर्णय प्रक्रियामा समान पहुँच सुनिश्चित गर्न तीनै तहका सरकार, निजी क्षेत्र, नागरिक समाज र समुदायबीच प्रभावकारी सहकार्य अपरिहार्य रहेको बताइन्।

राष्ट्रिय मानवअधिकार आयोगका अध्यक्ष तपबहादुर मगरले महिला अधिकारको सम्मान र सफल कार्यान्वयनविना मानवअधिकार सबल बन्न नसक्ने बताए । 'मानवअधिकार सुदृढ भएको समाज मात्रै महिला अधिकारको अवस्था सबल बन्न सक्दछ', उनले भने, 'मानवअधिकारको सम्मान, संरक्षण, सम्वद्र्धन र प्रवद्र्धन तथा त्यसको प्रभावकारी कार्यान्वयनलाई सुदृढ गर्ने संवैधानिक दायित्व पूरा गर्न आयोग कटिबद्ध छ ।' राष्ट्रिय महिला आयोगका अध्यक्ष कमला पराजुलीले संवैधानिक तथा राजनीतिक रूपमा महिलाले प्राप्त अधिकारको कार्यान्वयनमा देखिएको समस्या अहिलेको प्रमुख चुनौती भएको बताए । महिला मन्त्रालयका सचिव राधिका अर्यालले महिलाको जीवनमा अझै सकारात्मक परिवर्तनको अनुभूति ल्याउन थप प्रयास तथा लगानी बढाउनुपर्ने आवश्यकता औँल्याइन्। रासस

# चुरे संरक्षण बजेटमा ठूलो कटौती, उत्खनन नीतिप्रति बढ्यो चिन्ता




**मधेशदृष्टि**
**वीरगंज।**
आगामी आर्थिक वर्ष २०८३/८४ को बजेटमा चुरे संरक्षणका लागि छुट्याइएको रकम उल्लेखनीय रूपमा घटाइएपछि वातावरणविद्, संरक्षणकर्मी तथा सरोकारवालाहरूले सरकारको प्राथमिकतामाथि प्रश्न उठाएका छन् । चालु आर्थिक वर्षमा चुरे क्षेत्र संरक्षणका लागि विनियोजन गरिएको एक अर्ब ६९ करोड रुपैयाँको तुलनामा आगामी वर्षका लागि करिब एक अर्ब रुपैयाँ मात्र छुट्याइएपछि संरक्षण अभियान कमजोर बन्ने चिन्ता व्यक्त गरिएको हो। संघीय संसदमा बजेट प्रस्तुत गर्दै अर्थमन्त्री डा. स्वर्णिम वाग्लेले चुरे तथा तराई–मधेश क्षेत्रको जलचक्र सन्तुलित राख्न पानीका स्रोत संरक्षण, पोखरी निर्माण, पहिरो नियन्त्रण तथा तटबन्ध व्यवस्थापनका कार्यक्रम सञ्चालन गर्न बजेट विनियोजन गरिएको जानकारी दिएका थिए। तर बजेटमै वातावरणीय दृष्टिले उपयुक्त स्थानमा ढुंगा, गिट्टी र बालुवा उत्खनन तथा प्रशोधनलाई व्यवस्थित गर्ने नीति समावेश गरिएकाले संरक्षणभन्दा दोहनलाई प्राथमिकता दिइएको आरोप लाग्न थालेको छ।

**संरक्षणकर्मीको असन्तुष्टि**
चुरे संरक्षण अभियन्ता सुनिल यादवले सरकारले तराई–मधेशको खानेपानी तथा सिंचाइ समस्या समाधानका लागि डिप ट्युबवेल कार्यक्रम अघि सारे पनि भूमिगत जल पुनर्भरणको मुख्य आधार रहेको चुरे क्षेत्रको संरक्षणमा पर्याप्त चासो नदेखाएको बताएका छन् । उनका अनुसार चुरेको निरन्तर क्षयीकरणका कारण तराईका पानीका मुहान सुक्दै गएका छन् भने कृषि उत्पादनमा समेत नकारात्मक असर पर्न थालेको छ। यादवले चुरे क्षेत्रमा बढ्दो विनाशले मरुभूमीकरणको जोखिम बढाएको उल्लेख गर्दै वर्तमान सरकारबाट संरक्षणमुखी नीति अपेक्षा गरिए पनि बजेटले त्यस्तो संकेत नदिएको बताए।

**पुनः दोहोरियो पुरानै बहस**
चुरे क्षेत्रबाट खानीजन्य सामग्री निकासी गर्ने अवधारणा पहिलो पटक आर्थिक वर्ष २०७८÷७९ को बजेटमार्फत तत्कालीन अर्थमन्त्री विष्णु पौडेलले अघि सारेका थिए। त्यसबेला उक्त नीति व्यापक विवादमा परेको थियो र विभिन्न राजनीतिक दल तथा वातावरणविद्हरूले यसको विरोध गरेका थिए।
यस वर्षको बजेटमा पनि ढुंगा, गिट्टी तथा बालुवा उत्खनन र प्रशोधनलाई प्राथमिकतामा राखिएको देखिएपछि सरकार पुनः विवादित नीतितर्फ उन्मुख भएको टिप्पणी भइरहेको छ। पर्यावरणीय लोकतन्त्रका लागि नागरिक अभियानका संयोजक नरेन्द्र खतिवडाले चुरे संरक्षणको बजेट घटाउनु दीर्घकालीन दृष्टिले प्रतिगामी कदम भएको बताए।
उनका अनुसार संरक्षणका लागि आवश्यक लगानी घटाएर प्राकृतिक स्रोतको दोहनलाई प्रोत्साहन गर्नु भविष्यका लागि गम्भीर जोखिम निम्त्याउने निर्णय हुन सक्छ।

**चुरे : पानी र पर्यावरणको आधार**
पूर्वदेखि पश्चिमसम्म फैलिएको चुरे पर्वत श्रृंखलाले नेपालको कुल भूभागको करिब १२.७८ प्रतिशत हिस्सा ओगटेको छ। इलामदेखि कञ्चनपुरसम्म फैलिएको यो क्षेत्र जैविक विविधता, भूमिगत जल पुनर्भरण तथा वातावरणीय सन्तुलनका लागि अत्यन्त महत्वपूर्ण मानिन्छ।
विशेषज्ञहरूका अनुसार वन फँडानी, अव्यवस्थित उत्खनन, खुला चरिचरन र अवैज्ञानिक भू–उपयोगका कारण चुरे क्षेत्रमा माटो क्षयीकरण, बाढी, कटान तथा पानीका मुहान सुक्ने समस्या बढ्दै गएको छ । चुरे संरक्षण विकास समितिको प्रतिवेदनले पनि प्राकृतिक स्रोतको निरन्तर ह्रासले पारिस्थितिकीय प्रणालीमा गम्भीर असर पारिरहेको उल्लेख गरेको छ। पूर्वराष्ट्रपति डा. रामवरण यादवले चुरे र तराई क्षेत्रलाई देशको जल तथा अन्न भण्डारको रूपमा वर्णन गर्दै यसको संरक्षण राष्ट्रिय हितसँग प्रत्यक्ष जोडिएको बताएका छन् । उनका अनुसार चुरे क्षेत्रको विनाश रोक्न नसकिए भविष्यमा ठूलो पर्यावरणीय संकट निम्तिन सक्छ।

वन तथा वातावरण क्षेत्रको बजेट पनि घट्यो
सरकारले आगामी आर्थिक वर्षका लागि वन, वातावरण तथा जलवायु क्षेत्रको बजेट १२ अर्ब ३१ करोड रुपैयाँमा सीमित गरेको छ । चालु वर्षमा यही शीर्षकमा १८ अर्ब ६१ करोड रुपैयाँ विनियोजन गरिएको थियो। संरक्षणकर्मीहरूका अनुसार यसले प्राकृतिक स्रोत संरक्षण सरकारको प्राथमिकतामा नरहेको सन्देश दिएको छ।
यद्यपि बजेटमा डढेलो नियन्त्रणका लागि ड्रोन र स्याटेलाइट प्रविधिको प्रयोग, जडीबुटी प्रशोधन केन्द्र स्थापना, रेडप्लस कार्यक्रम विस्तार तथा वायु प्रदूषण मापन केन्द्रहरूको स्तरोन्नतिजस्ता कार्यक्रम समावेश गरिएका छन् । तर वातावरणविद्हरूका अनुसार यस्ता कार्यक्रम सकारात्मक भए पनि चुरेजस्तो संवेदनशील क्षेत्रको बजेट घटाएर उत्खननलाई प्रोत्साहन गर्ने नीति दीर्घकालीन रूपमा चिन्ताजनक छ।
नेपालको पानी, कृषि उत्पादन, जैविक विविधता र पर्यावरणीय सुरक्षासँग प्रत्यक्ष जोडिएको चुरे क्षेत्रको संरक्षणलाई कमजोर बनाउने कुनै पनि निर्णयले भविष्यमा गम्भीर परिणाम निम्त्याउन सक्ने चेतावनी सरोकारवालाहरूले दिएका छन्।

# मुख्य सडक कारवाही विरुद्ध मोटरसाइकल जुलुस



**मधेशदृष्टि**
**वीरगंज।**
वीरगंज महानगरपालिकाको मेनरोड क्षेत्रमा भइरहेको सरकारी कारबाहीको विरोधमा स्थानीयवासीहरूले शनिबार मोटरसाइकल जुलुस प्रदर्शन गरेका छन्। प्रदर्शनमा प्रभावित परिवारका सदस्य तथा स्थानीय नागरिकहरूको उल्लेखनीय सहभागिता रहेको थियो। संघर्ष समितिको आह्वानमा आयोजित जुलुसको नेतृत्व वीरगंज महानगरपालिका–९ का वडाध्यक्ष जवाहर प्रसाद गुप्ताले गरेका थिए । जुलुस नगरका विभिन्न भागको परिक्रमा गर्दै सम्पन्न भएको थियो । प्रदर्शनका क्रममा सहभागीहरूले 'हाम्रो घर सुरक्षित गर', 'ऐतिहासिक नगरी वीरगंज बचाऊ', 'डोजर आतंक बन्द गर', 'मेनरोडलाई सहरी मार्ग घोषणा गर', 'सुकुम्बासी बनाउन पाइँदैन', 'सर्वोच्च अदालत न्याय गर' र 'मानवताको सम्मान गर' जस्ता नारा लगाएका थिए।
प्रदर्शनकारीहरूले मेनरोड क्षेत्रमा भइरहेको कारबाहीप्रति असन्तुष्टि जनाउँदै स्थानीय बासिन्दाको आवास, सम्पत्ति तथा अधिकारको संरक्षण गर्न सम्बन्धित निकायसँग माग गरेका छन् । संघर्ष समितिले प्रभावित नागरिकहरूको माग सम्बोधन नभएसम्म आन्दोलनका कार्यक्रम निरन्तर जारी रहने चेतावनी समेत दिएको छ।

# करेन्ट लागेर किसानको मृत्यु

**मधेशदृष्टि**
**सप्तरी।**
सप्तरीको भारदहमा करेन्ट लागेर शनिबार एकजना किसानको ज्यान गएको छ । विहान आफ्नो खेतमा पानी पटाउने क्रममा सप्तरी भारदहका मेहनती किसान सहदेव लौगीको करेन्ट लागेर मृत्यु भएको हो।
हनुमाननगर कंकालिनी नगरपालिकाले सिंचाईका लागि गरेको कृषि विद्युतीकरण अन्तर्गत सहदेबको खेतमा पनि विद्युतीय सिंचाई व्यवस्था गरिएको थियो । विद्युतीकरण जडानमा भएको कमि कमजोरीका कारण करेन्ट लिक भएर किसानको ज्यान गएको स्थानीयको भनाई छ।
विकासको नाममा गरिएको लापरवाहीका कारण यस्ता धेरै घटना घटीसकेको हुँदा सो सम्बन्धमा गम्भीर छानविन र दोषि माथि कारवाइ हुनु पर्ने भारदहका किसानहरूको माग छ । समाज कै अगुवा र मेहनती किसान सहदेवको मृत्युले भारदह शोकमा डुवेको छ।

# पत्रकारिता राज्यको दबाबमा पर्ने जोखिममाः अध्यक्ष गिरी

**मधेशदृष्टि**
**वीरगंज।**
प्रेस सेन्टर नेपालका केन्द्रीय अध्यक्ष कमल गिरीले वर्तमान परिस्थितिमा नेपाली पत्रकारिता राज्यसत्ताको दबाब र हस्तक्षेपको जोखिममा परेको टिप्पणी गरेका छन् । लोकतन्त्रको रक्षा र जनताको आवाजलाई बुलन्द बनाउने सञ्चार क्षेत्रलाई कमजोर पार्ने उद्देश्यले सरकारले विभिन्न माध्यमबाट नियन्त्रण र दबाब सिर्जना गर्न खोजिरहेको आरोप उनले लगाए।
शनिबार वीरगंजमा प्रेस सेन्टर नेपाल पर्सा शाखाद्वारा आयोजित 'कृष्णसेन इच्छुक स्मृति पत्रकारिता पुरस्कार' तथा 'क्रियाशील युवा पत्रकारिता पुरस्कार–२०८३' वितरण समारोहलाई सम्बोधन गर्दै अध्यक्ष गिरीले प्रेस स्वतन्त्रतामाथि चुनौती थपिँदै गएको बताए।
क्रान्तिकारी पत्रकार तथा सहिद कृष्णसेन इच्छुकको योगदान स्मरण गर्दै उनले गणतन्त्र, लोकतन्त्र र नागरिक अधिकारको पक्षमा निर्भीक आवाज उठाएकै कारण इच्छुकले ज्यान गुमाउनुपरेको उल्लेख गरे। बदलिँदो राजनीतिक र सामाजिक परिवेशमा सत्य, निष्पक्ष र साहसी पत्रकारिताको आवश्यकता झन् बढ्दै गएको उनको भनाइ थियो।
गिरीले मुलुकभरका सञ्चारमाध्यमहरू गम्भीर आर्थिक संकटसँग जुधिरहेका बेला उनीहरूलाई संरक्षण र प्रवर्द्धन गर्ने नीतिगत व्यवस्था आवश्यक रहेको बताए।
तर सरकारले सञ्चार क्षेत्रलाई सशक्त बनाउनुको सट्टा नियन्त्रणमुखी सोचका साथ अघि बढेको भन्दै उनले चिन्ता व्यक्त गरे।
कार्यक्रममा सामुदायिक रेडियो प्रसारक संघ (एकोराब) का वरिष्ठ उपाध्यक्ष गोविन्द देवकोटाले पत्रकारिता क्षेत्र कमजोर भए लोकतान्त्रिक प्रणाली नै संकटमा पर्ने चेतावनी दिए। सञ्चारमाध्यमहरूले नागरिक अधिकार, पारदर्शिता र सुशासनका पक्षमा निरन्तर आवाज उठाउँदै आएको उल्लेख गर्दै उनले कानुन र नियमावलीको आडमा प्रेसलाई सीमित गर्न खोजिए सञ्चारकर्मीहरूले सशक्त प्रतिवाद गर्ने स्पष्ट पारे।

**निरज पिठाकोटे र बलिराम यादव सम्मानित**
समारोहमा प्रेस सेन्टर नेपाल पर्सा शाखाले स्थापना गरेको 'कृष्णसेन इच्छुक पत्रकारिता पुरस्कार–२०८३' बाट कारोबार दैनिकका वीरगंज संवाददाता निरज पिठाकोटे मगर सम्मानित भएका छन् । यस्तै, 'क्रियाशील युवा पत्रकारिता पुरस्कार–२०८३' युवा पत्रकार बलिराम यादवलाई प्रदान गरिएको छ।
पुरस्कृत दुवै पत्रकारलाई प्रेस सेन्टर नेपालका केन्द्रीय अध्यक्ष कमल गिरी, एकोराबका वरिष्ठ उपाध्यक्ष गोविन्द देवकोटा लगायतका अतिथिहरूले जनही २१ हजार रुपैयाँ नगद, सम्मानपत्र तथा दोसल्लासहित सम्मान गरेका थिए।
कार्यक्रममा नेपाल पत्रकार महासंघका केन्द्रीय लेखा समिति संयोजक केसी लामिछाने, महासंघ मधेश प्रदेश अध्यक्ष श्याम बन्जारा, पर्सा शाखा अध्यक्ष ओमप्रकाश खनाल, प्रेस सेन्टर नेपालका केन्द्रीय सचिव सुनिता बराल तथा पर्साका सहायक प्रमुख जिल्ला अधिकारी कृष्ण थापालगायतले पुरस्कृत पत्रकारहरूलाई बधाई तथा शुभकामना व्यक्त गरेका थिए । वक्ताहरूले श्रमजीवी पत्रकारको अधिकार, पेशागत सुरक्षा र प्रेस स्वतन्त्रताको संरक्षणका लागि सबै सञ्चारसम्बद्ध संस्था र संगठनहरू एकताबद्ध हुनुपर्नेमा जोड दिएका थिए।

# ठोरीमा ठूलो वर्षा

**मधेशदृष्टि**
**वीरगंज।**
पर्साको ठोरीमा ठूलो पानी परेको छ। ठोरीमा गएराति ६ घण्टाको अवधिमा १६९ मिलिमिटरसम्म वर्षा मापन भएको जल तथा मौसम पूर्वानुमान महाशाखाले जनाएको छ।
गएराति मधेश प्रदेशसहित बागमती, गण्डकी र कर्णालीका धेरै ठाउँमा हल्कादेखि मध्यमसम्मको वर्षा भएको छ । शनिबार देशभर साधारणतया बादल लाग्नेछ । लुम्बिनी, सुदूरपश्चिम, मधेश प्रदेश, कोशी, बागमती र गण्डकी प्रदेशको तराई भागका थोरै ठाउँमा मेघ गर्जन/चट्याङ्गसहित मध्यमसम्मको वर्षाको सम्भावना छ।
देशका तराई र पहाडी भागका केही ठाउँमा हावाहुरीको पनि सम्भावना रहेको महाशाखाले जनाएको छ। भोलि बेलुकादेखि मौसममा क्रमिक सुधार हुँदै जाने मौसमविद्को अनुमान छ।

# कुण्डीय गायत्री महायज्ञको कलश यात्रा

**मधेशदृष्टि**
**वीरगंज।**
वीरगंज महानगरपालिका वडा नं. २२ इनरुवा मनियारी गाउँमा ५१ कुण्डीय गायत्री महायज्ञको कलश जल यात्रा शनिबार सम्पन्न भएको छ।
मनियारी गाउँबाट सुरु भएको पवित्र कलश यात्रा इनरुवा मनियारी हुँदै पर्सौनी वडा २३ पुगेर राधेमाई हुँदै पावर हाउस चोकबाट त्रिवेणी नदी पुगेको थियो । त्रिवेणीमा कलशयात्रीहरूले विधी पुर्वक जल भरेर यात्रीहरू पुनः महायज्ञ स्थलमा फर्किएका थिए।
महायज्ञ स्थलमा कलश स्थापना गर्न श्रद्धालु भक्तजनहरूको उल्लेखनीय सहभागिता थियो । सो क्रममा जय गायत्री माताको जयघोषले वातावरण भक्तिमय बनेको महायज्ञका आयोजक इनरुवा टोलवासीले जानकारी गराएका छन्।

# बिलबिजक विनाको सामान बरामद

**मधेशदृष्टि**
**वीरगंज।**
विशेष सूचनाको आधारमा सशस्त्र प्रहरी बलले वीरगंजको पावरहाउस चोकबाट बिलबिजकविनाका सामान बरामद गरेको छ।
सशस्त्र प्रहरीले नियमित जाँचका क्रममा एक यात्रुवाहक बसमा खानतलासी गर्दा आवश्यक बिलबिजक तथा कागजात नभएको विभिन्न प्रकारका सामान फेला पारेको जनाएको छ।
बरामद गरिएका सामानहरू नियन्त्रणमा लिई आवश्यक अनुसन्धान तथा कानुनी कारबाहीका लागि भन्सार कार्यालयमा बुझाइएको सशस्त्र प्रहरीले जनाएको छ।

# फौजदारी कसुरमा पत्रकार पहाडीलाई सफाई


मुद्दा ०८०-C१-०४३९-विवरण (सरल मार्ग) || रजिष्ट्रेशन नं : ३८-०८०-०३९२९ || अभिलेख नं :

| | | | |
|---|---|---|---|
| दर्ता मिति : | २०८१-०१-०२ | पेशी चढेको संख्या : | १७ |
| मुद्दाको किसिम : | ठगी गरेको (नेपाल सरकार वा नेपाल सरकारको पूर्ण वा अधिकांश स्वामित्व वा नियन्त्रणमा भएको संस्थालाई) (दफा २४९(२)(क)) | मुद्दाको स्थिति | फैसला / अन्तिम आदेश >> अभियोग दावी नपुग्ने |
| मुद्दाको विषय : | ठगी सम्बन्धी कसुर | फैसला मिति | २०८३-०१-१५ |
| फाँट : | मुद्दा फाँट-६ (सरल) | फैसला गर्ने मा. न्यायाधीश | श्री महेन्द्रराज काफ्ले |

**मधेशदृष्टि**
**सर्लाही।**
फौजदारी मुद्धा अन्र्तगत नेपाल सरकारको जाहेरीले ठगी सम्बन्धी कसुरमा मुद्धा चलाईएका पत्रकार एसपी गौरब भन्ने शंखर पहाडीलाई सर्लाही जिल्ला अदालतले सफाई दिएको छ। २०८१ बैशाख ३ गते सिन्धुलीको सुनकोसी गाउँपालिका ६ का अन्दाजी वर्ष ३५ का सुरेन्द्र कार्की (नेपाल सरकारको जाहेरी) ले ठगी सम्बन्धी कसुरमा मुद्धा चलाईएका पत्रकार पहाडीलाई सर्लाही जिल्ला अदालतका न्यायधीश महेन्द्रराज काफ्लेको इजलासले अभियोग दाबी नपुग्ने भन्दै सफाई दिएको हो।
ईलाका प्रहरी कार्यालय हरिवनमा दर्ता भएको मुद्धाको अनुसन्धानको सिलसिलामा पत्रकार पहाडीलाई २८ दिन हिरासतमा राखेर रु एक लाख धरौटीमा २०८१ बैशाख ४ गते सर्लाही जिल्ला अदालतले तारेखमा थुनामुक्त गरेको थियो । त्यसयता निरन्तर तारेख र पेशी गर्दै १७ औँ पटकको पेशीमा पत्रकार पहाडीलाई न्यायधीश काफ्लेको इजलासले सफाई दिएको हो।
मोटरसाईकल किनबेचको विषयलाई लिएर ठगी सम्बन्धी जाहेरी परेको र जाहेरवाला कार्की वयान दिन समेत अदालतमा २५ महिना सम्मपनि उपस्थित भएका थिएनन्। छ पटकसम्म म्याद तामेली काटेर पनि निवेदकको तर्फबाट अदालतमा वयानका लागि कोहीपनि उपस्थित नभएका र घटनाका विवरणहरु अध्ययन गर्दा दोषी देखिने अभियोग पुष्टि हुन पर्याप्त आधार नदेखिएको निष्कर्षसहित पत्रकार पहाडीलाई दोषमुक्त गरिएको अदालत स्रोतले जनाएको छ।
ईलाका प्रहरी कार्यालय हरिवनका तत्कालीन प्रहरी प्रमुख एवम प्रहरी निरीक्षक अनलिराज गिरीले जरुरी पक्राउ पुर्जी लिएर २०८० चैत्र ६ गते लालबन्दी नगरपालिका ६ स्थित साझा संस्था क्षेत्रबाट पत्रकार पहाडीलाई जघन्य अपराधी झैँ अपहरण शैलीमा नियन्त्रणमा लिएका थिए। दिउँसो करिब १२ बजे पक्राउ परेका पत्रकार पहाडीलाई जघन्य अपराधी झैँ करिब दिउँसो २ बजे भित्रै सर्लाही जिल्ला अदालतबाट म्याद थपेर हिरासतमा राखेको प्रहरीले आफ्ना कर्तुतहरु बाहिर ल्याएको भन्दै प्रतिसोधपूर्ण तरिकाले पत्रकार पहाडीलाई हिरासतमा समेत जघन्य अपराधी झैँ नजर वन्द जस्तै राखेको पीडित पत्रकार पहाडीले बताए।
जिल्ला प्रहरी कार्यालय सर्लाहीका तत्कालीन प्रहरी प्रमुख एवम प्रहरी उपरीक्षक दयानिधी ज्ञवालीको विगतलाई समेटेर समाचार लेखेको भन्दै प्रहरीले प्रतिसोधपूर्ण तरिकाले आफुलाई फसाएको पत्रकार पहाडीले बताए। उनी विगत करिब १८ वर्षदेखि सक्रिय पत्रकारिता गरि रहेका छन् । मुद्धा फैसला भएपनि पूर्णपाठ आउन बाँकी रहेको छ।

# विद्यार्थीहरुलाई थर्मस र विस्कुट वितरण

**मधेशदृष्टि**
**रक्सौल।**
रक्सौलस्थित ऐतिहासिक राजकीय प्राथमिक विद्यालय राष्ट्रिय गान्धीमा शनिबार विद्यार्थीहरूलाई थर्मस र बिस्कुट वितरण गरिएको छ। स्वर्गीय शंकर प्रसाद केसरिवालाको स्मृतिमा उनकी धर्मपत्नी महापति देवी तथा पत्रकार राजेश केसरिवालको सौजन्यमा आयोजित कार्यक्रममा विद्यार्थीहरूलाई सामग्री वितरण गरिएको हो । सो अवसरमा प्रधानाध्यापक मुनेश राम, शिक्षिका सरोज कुमारी र विद्यालय शिक्षा समिति (भीएसएस) की सचिव अनिला देवीलाई पनि थर्मस प्रदान गरी सम्मान गरिएको थियो।
कार्यक्रममा महापति देवीले शिक्षाको महत्वबारे प्रकाश पार्दै विद्यालयलाई आदर्श शैक्षिक संस्थाका रूपमा विकास गर्न सामुदायिक सहकार्य आवश्यक रहेको बताए । कार्यक्रममा स्थानीय समाजसेवी, पत्रकार, अभिभावक तथा भद्रभलाद्मीहरूको उपस्थिति रहेको थियो।

# जनकपुरधामलाई विवाह गन्तव्यको रुपमा विकसित गरिने

**जनकपुरधाम।**
सङ्घीय सरकारका अर्थमन्त्री डा स्वर्णिम वाग्लेले ऐतिहासिक, धार्मिक तथा पर्यटकीय महत्व बोकेको माता सीताको जन्मभूमि एवम् मधेशको राजधानी जनकपुरधामलाई विवाह गन्तव्यको रूपमा विकास गर्ने घोषणा गरेका छन्।
अर्थमन्त्री डा वाग्लेले शुक्रबार आगामी आर्थिक वर्ष २०८३/८४ का लागि सङ्घीय संसद्मा प्रस्तुत गर्नुभएको बजेटमार्फत सो घोषणा गरेका हुन्। रामजानकी पथ तथा रामजानकी परिक्रमा सडक स्तरोन्नतिका लागि बजेट विनियोजन गरिएको उनले जानकारी दिए।
मधेश प्रदेशको लाइफ लाइनको रूपमा रहेको हुलाकी सडक तथा रेल्वेको विकास, पूर्व पश्चिम राजमार्गको विकास तथा सडक स्तरोन्नति, पोषण कार्यक्रमलगायत मधेसको शिक्षा, स्वास्थ्य तथा खेलकुदको क्षेत्रमा बजेट विनियोजन गर्ने बजेट व्यक्तब्यमा उल्लेख छ।
अर्थमन्त्री डा वाग्लेको उक्त घोषणालाई प्रदेशमा सकारात्मकरूपमा लिइएको छ । उद्योग वाणिज्य सङ्घ जनकपुरधामका अध्यक्ष सुरेन्द्र भण्डारीले वर्तमान सरकारको यो घोषणाले जनकपुरधाममा पर्यटकको संख्यामा उल्लेख्य वृद्धि हुने तथा यसबाट रोजगारीको वातावरण तयार हुने बताए। साथै बजेटमार्फत सरकारले करको दरमा गरेको छुटको व्यवस्थाले उद्योगी तथा व्यावसायीलाई राहत मिलेको र यसबाट उद्योग तथा व्यावसायीलाई सहयोग पुग्ने उनले विचार व्यक्त गरे।
यसैगरी पत्रकारहरुका लागि दिइँदै आएको कल्याणकारी कोषको बजेट विनियोजनको घोषणा सकारात्मक रहेको स्थानीय पत्रकार रञ्जन मिश्रले बताए।

# चितवन राष्ट्रिय निकुञ्जभित्रको सडक स्तरोन्नतिका लागि पूर्व अध्ययन सुरु

**मधेशदृष्टि**
**चितवन।**
भरतपुरबाट माडी तर्फ आउने चितवन राष्ट्रिय निकुञ्जभित्रको सडक स्तरोन्नतिका लागि पूर्वअध्ययन सुरु गरिएको छ।
वर्षौंदेखि सडक स्तरोन्नतिको माग गर्दै आएका माडीवासीको पहलपछि वातावरणीय प्रभाव मूल्याङ्कन (इआइए) प्रक्रिया अघि बढाइएको हो।
यसअघि पनि विभिन्न चरणमा अध्ययन भएपनि पछिल्लो पटक वन्यजन्तुको आवागमन तथा गतिविधि अध्ययनका लागि क्यामेरा ट्र्यापिङ कार्य सुरु गरिएको छ।
चितवन राष्ट्रिय निकुञ्ज कार्यालयका सूचना अधिकारी अविनाश थापा मगरका अनुसार सडक स्तरोन्नतिको आवश्यकता अनुसार वन्यजन्तुको गतिविधि अध्ययन गर्न प्राविधिक टोली परिचालन गरिएको छ। उनका अनुसार हाल इआइए अन्तिम चरणमा पुगेको छ। वनकट्टा क्षेत्रदेखि ध्रुव पोस्टसम्म करिब ७ किलोमिटर क्षेत्रमा दर्जनौँ क्यामेरा जडान गरिएको छ।
यी क्यामेराले १५ दिनसम्म वन्यजन्तुको गतिविधि रेकर्ड गर्ने छन्। प्राप्त तथ्याङ्कका आधारमा प्राविधिक टोलीले विश्लेषण गरी प्रतिवेदन तयार पार्ने छ र सोही प्रतिवेदनका आधारमा सडक स्तरोन्नति प्रक्रिया अघि बढाइने भरतपुर महानगरपालिका–२३ का वडाध्यक्ष दीपक दवाडीले बताए।

## सम्पादकीय

## चुरेमाथि बजेटीय प्रहारः

# विकासको नाममा विनाशको बाटो

सरकारले आगामी आर्थिक वर्ष २०८३÷८४ का लागि प्रस्तुत गरेको बजेटले एउटा गम्भीर प्रश्न उठाएको छ 'के नेपालले आफ्नो भविष्यको पानी, खाद्य सुरक्षा र वातावरणीय सन्तुलनलाई केही वर्षको राजस्व र निर्माण सामग्रीको लोभमा साट्न खोजेको हो ?' बजेटमा चुरे संरक्षणका लागि विनियोजित रकमलाई करिब ४० प्रतिशतले घटाइनु र सँगसँगै ढुंगा, गिट्टी तथा बालुवा उत्खननलाई सहज बनाउने नीति अघि सारिनु केवल बजेटीय प्राथमिकताको विषय होइन, यो राष्ट्रको दीर्घकालीन अस्तित्वसँग जोडिएको विषय हो । चुरे कुनै सामान्य पहाडी भूभाग होइन । यो तराई–मधेशको जलस्रोत, कृषि प्रणाली र पारिस्थितिकीय सन्तुलनको मेरुदण्ड हो । नेपालका ३७ जिल्लामा फैलिएको चुरे क्षेत्रले करोडौं नागरिकको जीवनसँग प्रत्यक्ष सम्बन्ध राख्छ । तराईका खेतमा सिञ्चाइ पुग्नु, भूमिगत पानी पुनर्भरण हुनु, नदी प्रणालीको सन्तुलन कायम रहनु र जैविक विविधता संरक्षण हुनुमा चुरेको निर्णायक भूमिका छ । यही संवेदनशील क्षेत्रलाई संरक्षण गर्नुको सट्टा सरकारले बजेट कटौती गर्दै उत्खननलाई प्रोत्साहन गर्ने संकेत दिएको छ।

अझ विडम्बना त के छ भने नीति तथा कार्यक्रममा 'चुरे संरक्षण' भन्ने शब्दसमेत उल्लेख गर्न आवश्यक नठानेको सरकारले बजेटमा भने खानीजन्य पदार्थको उत्खनन र प्रशोधनलाई प्राथमिकता दिएको छ। यो दृष्टिकोणले चुरेलाई राष्ट्रिय सम्पदाको रूपमा होइन, दोहन गर्न मिल्ने स्रोतको रूपमा हेर्ने मानसिकता झल्काउँछ। वातावरणीय दृष्टिकोणले उपयुक्त स्थान पहिचान गरेर उत्खनन गरिने दाबी गरिएपनि नेपालको विगतको अनुभवले यस्ता प्रतिबद्धता व्यवहारमा कति प्रभावकारी हुन्छन् भन्ने स्पष्ट देखाइसकेको छ। चुरेको विनाशका असरहरू आज तराई–मधेशले प्रत्यक्ष भोगिरहेको छ।

दशकौंअघि सहज रूपमा उपलब्ध हुने पानीका मुहान सुक्दै गएका छन् । खेतीयोग्य जमिनमा बालुवा थुप्रिने समस्या बढेको छ। भू–क्षय, बाढी, कटान र डुबानको जोखिम प्रत्येक वर्ष गम्भीर बन्दै गएको छ। भूमिगत पानीको सतह निरन्तर घटिरहेको छ। यस्ता समस्याको मूल कारणमध्ये एक चुरेको अव्यवस्थित दोहन र संरक्षणमा भएको बेवास्ता हो।

यस्तो अवस्थामा सरकारले समाधानका रूपमा डिप ट्यूबवेलको योजना अघि सारेको छ । तर भूमिगत पानी पुनर्भरण गर्ने प्राकृतिक प्रणाली नै नष्ट हुँदै गएको अवस्थामा केवल गहिरो ट्यूबवेल खन्नुले दीर्घकालीन समाधान दिन सक्दैन। पानी निकाल्ने प्रविधि विस्तार गर्दै पानीको स्रोत पुनर्जीवित गर्ने प्राकृतिक संरचना नजोगाउनु भनेको रोगको कारण यथावत् राखेर लक्षणको मात्र उपचार गर्नु जस्तै हो। झन् चिन्ताजनक कुरा के हो भने चुरे संरक्षणका लागि २०७१ सालमा गठन गरिएको राष्ट्रपति चुरे–तराई मधेश संरक्षण विकास समिति, २० वर्षे गुरुयोजना तथा अर्बौं रुपैयाँको लगानीपछि पनि संकट कम हुन सकेको छैन। यसको अर्थ संरक्षण कार्यक्रमको प्रभावकारिता सुधार्नुपर्ने आवश्यकता थियो, संरक्षणको बजेट नै घटाउनुपर्ने होइन। यदि कार्यान्वयन कमजोर छ भने सुधार गर्नुपर्छ, तर सम्पूर्ण अभियानलाई कमजोर बनाउने निर्णयले समस्या झन् जटिल बनाउँछ।

पूर्वराष्ट्रपति डा. रामवरण यादवले बारम्बार चेतावनी दिँदै आएका छन् कि चुरेको विनाश रोक्न नसकिए सभ्यता नै संकटमा पर्न सक्छ। यो कुनै अतिरञ्जित अभिव्यक्ति होइन। विश्वभर जलवायु परिवर्तन, पानीको संकट र मरुभूमीकरण बढिरहेका बेला नेपालले आफ्नै प्राकृतिक जलाधार क्षेत्रको संरक्षणमा उदासीनता देखाउनु दूरदृष्टिको अभाव हो । सरकारले वन तथा वातावरण क्षेत्रको समग्र बजेटसमेत उल्लेखनीय रूपमा घटाएको छ । यसले प्राकृतिक स्रोत संरक्षण वर्तमान सरकारको प्राथमिकतामा नरहेको संकेत दिन्छ। विकासको नाममा प्रकृतिमाथि आक्रमण गर्ने नीति अन्ततः विकासकै शत्रु बन्नेछ । वातावरणीय विनाशको मूल्य कुनै पनि अर्थतन्त्रले दीर्घकालसम्म थेग्न सक्दैन।

आज आवश्यकता चुरेको बजेट कटौती गर्ने होइन, संरक्षणलाई अझ प्रभावकारी, पारदर्शी र परिणाममुखी बनाउने हो। चुरे जोगियो भने तराईको पानी जोगिन्छ, कृषि जोगिन्छ, जैविक विविधता जोगिन्छ र भावी पुस्ताको भविष्य सुरक्षित हुन्छ। तर यदि चुरेलाई राजस्वको स्रोत मात्र ठानेर दोहनको बाटो खोलियो भने आगामी पुस्ताले सरकारको यो निर्णयलाई विकास होइन, राष्ट्रिय आत्मघाती कदमका रूपमा सम्झिनेछन् । चुरे संरक्षण कुनै क्षेत्रीय वा वातावरणीय मुद्दा मात्र होइन, यो नेपालको खाद्य सुरक्षा, जल सुरक्षा र राष्ट्रिय अस्तित्वसँग जोडिएको विषय हो। त्यसैले सरकार अझै सचेत हुनुपर्छ। बजेटीय प्राथमिकता पुनर्विचार गर्नुपर्छ। अन्यथा विकासको नाममा सुरु गरिएको यो यात्रा अन्ततः मरुभूमीतर्फको यात्रामा परिणत हुनेछ।

# आर्थिक रुपान्तरणको मुख्य आधार

# ऊर्जा र सिँचाइलाई बजेटमा उच्च प्राथमिकता

रमेश लम्साल

काठमाडौँ।
सरकारले आगामी आर्थिक वर्षको बजेटमा ऊर्जा क्षेत्रलाई विशेष प्राथमिकतामा राखेर बजेट विनियोजन गरेकामा सरोकार भएकाले खुसी व्यक्त गरेका छन् । बजेटमा ऊर्जा क्षेत्रलाई आर्थिक रूपान्तरणको मुख्य आधारका रूपमा स्थापित गर्दै संरचनात्मक सुधार, पूर्वाधार विस्तार, निजी क्षेत्रको सहभागिता तथा हरित ऊर्जामा आधारित औद्योगिकीकरणलाई प्राथमिकतामा राखेको छ । यस्तै, उत्पादन वृद्धिका साथ ऊर्जा व्यापार, प्रसारण सञ्जाल, वित्तीय संरचना र नियामकीय सुधारलाई एकैसाथ अघि बढाउने प्रयास गरेको छ । सरकारले बजेटमार्फत ऊर्जा क्षेत्रलाई रणनीतिक महत्व दिँदै उत्पादनदेखि व्यापारसम्म निजी क्षेत्रलाई आकर्षित गर्ने नीति लिइएको छ । पूर्वऊर्जा सचिव मधुप्रसाद भेटुवालका अनुसार समग्रमा बजेटले ऊर्जा क्षेत्रको समग्र विकासका लागि नयाँ सोचका साथ काम गर्न खोजेको छ। तोकिएका समयमा आयोजना नबन्ने अवस्थाको अन्त्यका लागि लिएको पहल तथा निजी क्षेत्रलाई थप सबल बनाउन राखेको लक्ष्य आफैँमा नयाँ र महत्वपूर्ण रहेको पूर्वसचिव भेटुवालको टिप्पणी छ। यस्तै, केही कार्यक्रम विगतदेखिकै निरन्तरताका रुपमा अगाडि बढाइएको छ।





नेपाल विद्युत् प्राधिकरणको खण्डीकरणको विषय नियमित जस्तै बजेटमा समेटिँदै आएको छ । विद्युत् व्यापारमा निजी क्षेत्रलाई प्रवेश गराउने विषय बजेटमा समेटिएको छ । आयोजना निर्माणका लागि विभिन्न 'फण्ड' खडा गर्ने तथा १० मेगावाटसम्मका आयोजनाको तत्काल विद्युत् खरिद सम्झौता गर्नेजस्ता कार्यक्रम महत्वपूर्ण रहेको पूर्वसचिव भेटुवालले बताए। बजेटमार्फत आयोजना जिम्मा लिने तर निर्माण नगर्ने प्रवृत्तिलाई निरुत्साहित गर्न खोजिएको छ। पूर्वसचिव भेटुवालले राजस्वको स्रोतको विविधीकरण गर्न ५० युनिटभन्दा बढी विद्युत् खपत गर्नेलाई केही कर थप भएको हुनसक्ने टिप्पणी गरे । ऊर्जा उत्पादन, प्रसारण तथा वितरण पूर्वाधारका लागि सरकारले रु ८५ अर्ब ५४ करोड विनियोजन गरेको छ । यसमध्ये निर्माणाधीन प्रसारण लाइन तथा सबस्टेशन निर्माण सम्पन्न गर्नमात्रै रु ७० अर्ब उपलब्ध गराइएको छ। हेटौँडा–ढल्केबर–इनरुवा ४०० केभी प्रसारण लाइन चालु आर्थिक वर्षभित्र सम्पन्न गर्ने घोषणा गरेको छ । नयाँ खिम्ती–बाह्रबीसे–काठमाडौँ तथा हेटौँडा–रातमाटे–लप्सीफेदी–न्यू दमौली–न्यू बुटवल ४०० केभी प्रसारण लाइन निर्माणलाई तीव्रता दिने लक्ष्य राखेको छ । अन्तरदेशीय विद्युत् व्यापार विस्तारका लागि बुटवल–गोरखपुर र इनरुवा–पूर्णिया प्रसारण लाइन निर्माणलाई प्राथमिकतामा राखिएको छ। ढल्केवर–मुजफ्फरपुर–सीतामढी, लम्की–दोदोधरा–बरेली, लमही–लखनउ, निजगढ–मोतिहारी तथा चिलिमे हब–केरुङ प्रसारण लाइनको अध्ययन सम्पन्न गरी निर्माण प्रक्रिया अघि बढाउने लक्ष्य बजेटको छ। ती प्रसारण लाइन निर्माण सम्पन्न गरेर नेपाललाई दक्षिण एशियाली क्षेत्रीय ऊर्जा बजारसँग जोड्ने दीर्घकालीन रणनीतिक सङ्केत दिएको छ।

सरकारले कर्णाली करिडोर राष्ट्रिय प्रसारण लाइन निर्माणका अलावा राष्ट्रिय ग्रिड नपुगेका कर्णालीका स्थानीय तहमा विद्युतीकरण गर्ने घोषणा गरेको छ। सरकारले राहुघाट जलविद्युत् आयोजना यसैवर्ष सम्पन्न गर्ने तथा तनहुँ जलाशययुक्त आयोजना, माथिल्लो मोदी, माथिल्लो त्रिशूली–३ बी र बूढीगङ्गा आयोजनालाई तीव्रता दिने भएको छ। साथै, माथिल्लो अरुण, उत्तरगङ्गा, चैनपुर सेती, तामाकोशी–५ र घुन्सा खोला आयोजनाको वित्तीय व्यवस्थापन गरी ठेक्का प्रक्रिया अघि बढाइने भएको छ। नलगाड, अरुण–४ र नौमुरे आयोजनाको अध्ययन प्रक्रिया अगाडि बढाइने छ। कर्मचारी सञ्चय कोषको लगानीमा निर्माण हुने बेथान कर्णाली आयोजनालाई अघि बढाउने योजना छ। चर्चामा मात्रै सीमित रहेको एक हजार २०० मेगावाट क्षमताको बूढीगण्डकी जलाशययुक्त आयोजना अधिकार सम्पन्न प्राधिकरण मोडलमा निर्माण गर्ने कार्यक्रमलाई महत्वका साथ समावेश गरिएको छ।

यसैगरी, ६७० मेगावाटको दूधकोशी जलाशययुक्त आयोजनाको 'फाइनान्सियल क्लोजर' गरी निर्माण प्रक्रिया सुरु गर्ने घोषणा बजेटले गरेको छ । विद्युत् खरिद सम्झौता (पिपीए) गरेर बसेका तर निर्माण सुरु नगरेका आयोजनाको अनुमतिपत्र खारेज गरी 'टेक अर पे' ढाँचामा नयाँ पिपीए गर्ने नीति लिइएको छ। साथै १० मेगावाटभन्दा कम क्षमताका आयोजनाको तत्काल पिपीए गर्ने तथा सुक्खायाममा प्रतिस्पर्धात्मक विद्युत् खरिददर निर्धारण गर्ने व्यवस्था गरिएको छ । निजी क्षेत्रलाई अन्तरराष्ट्रिय बजारमा विद्युत् व्यापार गर्न दिने तथा निजी लगानीमै प्रसारण लाइन निर्माण गरी प्रसारण शुल्क लिएर विद्युत् व्यापार गर्नसक्ने कानुनी व्यवस्थाको घोषणा बजेटले गरेको छ । स्वतन्त्र ऊर्जा उत्पादकको संस्था नेपाल (इप्पान)का उपाध्यक्ष उत्तम भ्लोन लामाका अनुसार सरकारको निर्णय सकारात्मक भएको प्रतिक्रिया दिए । उनले नयाँ पिपिएका बारेमा पनि बजेटले केही बोलिदिएको भए थप राम्रो हुने धारणा राखे। उनले आन्तरिक बिजुली खपतमा जोड दिए।

ऊर्जा क्षेत्रलाई हरित औद्योगिकीकरणसँग जोड्दै सरकारले हेटौँडामा दुई दशमलव पाँच मेगावाटको 'ग्रीन हाइड्रोजन प्लान्ट पाइलट' परियोजनाका रूपमा अघि बढाउने घोषणा गरेको छ । काठमाडौँ उपत्यकामा १०० मेगावाटको 'ब्याट्री इनर्जी स्टोरेज' प्रणाली सुरु गर्ने योजना अगाडि सारिएको छ। यो नयाँ योजना हो। स्वच्छ ऊर्जामा आधारित उद्योग प्रवद्र्धन, इलेक्ट्रिक सवारीसाधन उत्पादन, चार्जिङ स्टेशन विस्तार तथा 'ब्याट्री' व्यवस्थापनका लागि कर तथा पूर्वाधार प्रोत्साहनको नीति बजेटमा समेटिएको छ । निजी क्षेत्रको सहकार्यमा औद्योगिक क्षेत्र तथा औद्योगिक करिडोरमा स्वच्छ ऊर्जामा आधारित प्रविधिको प्रयोग गरी 'ट्रिटमेन्ट प्लान्ट'सहितको ढल व्यवस्थापन गरिनेछ । सरकारले जलविद्युत् आयोजना हस्तान्तरण हुँदा वनको जग्गा भोगाधिकार तथा रुख कटानबापतको शुल्क समायोजन गर्ने व्यवस्था गरेको छ । आगामी आर्थिक वर्षमा ६७० मेगावाट जलविद्युत् र ३७० मेगावाट सौर्य ऊर्जा राष्ट्रिय प्रणालीमा थपिने लक्ष्य लिएको छ। यससँगै नेपालको कुल जडित विद्युत् क्षमता पाँच हजार ५३५ मेगावाट पुग्ने सरकारको अनुमान छ । बजेट वक्तव्यअनुसार आगामी आवको बजेटमार्फत सिँचाइ तथा नदी नियन्त्रण क्षेत्रमा ठूलो लगानी विस्तार गरिनेछ । बजेटले परम्परागत सिँचाइ पूर्वाधारको पुनःस्थापनासँगै बहुउद्देश्यीय आयोजना, भूमिगत सिँचाइ, लिफ्ट सिँचाइ तथा नदी व्यवस्थापनलाई एकीकृत रूपमा अघि बढाइनेछ।

आगामी आवमा थप १५ हजार ८०० हेक्टर खेतीयोग्य जमिनमा सिँचाइ सुविधा विस्तार गर्ने लक्ष्य छ। यससँगै देशभर सिञ्चित खेतीयोग्य जमिनको अनुपात ६४ प्रतिशत पुग्नेछ। नदी नियन्त्रणतर्फ ७० किलोमिटर तटबन्ध निर्माण तथा २१० हेक्टर जमिन उकास्ने योजना बजेटमा समावेश गरिएको छ । बबई सिँचाइ आयोजनाअन्तर्गत आगामी वर्ष थप एक हजार ६६ हेक्टर जमिनमा सिँचाइ सुविधा विस्तार हुनेछ । आगामी आवमा राजापुर सिँचाइ आयोजनाको पुनःस्थापना तथा भेरी–बबई डाइभर्सन आयोजनाको हेडबक्र्स निर्माण सम्पन्न गर्ने लक्ष्य छ। यी आयोजनाका लागि रु पाँच अर्ब ६३ करोड विनियोजन गरिएको छ । सिक्टा सिँचाइ आयोजनाअन्तर्गत बाँकेको पूर्वी तथा पश्चिमी क्षेत्रमा थप पाँच हजार हेक्टर जमिनमा सिँचाइ सुविधा पु¥याउन रु दुई अर्ब ५५ करोड विनियोजन गरिएको छ । सुनकोशी–मरिन डाइभर्सन आयोजनाको बाँध तथा विद्युत्गृह निर्माण पुनःठेक्का प्रक्रियामार्फत अघि बढाइने भएको छ। चार वर्षभित्र आयोजना सम्पन्न गर्ने लक्ष्यसहित रु दुई अर्ब ९८ करोड छुट्याएको छ। सुनकोशी–मरिन आयोजनाबाट प्राप्त अतिरिक्त पानीलाई उपयोग गर्दै बागमती सिँचाइ आयोजनाको स्तरोन्नति गरी बारा, रौतहट, सर्लाही, महोत्तरी र धनुषामा एक लाख २२ हजार हेक्टर खेतीयोग्य जमिनमा सिँचाइ सुविधा विस्तार गर्ने योजना पनि बजेटमा समेटिएको छ। यसका लागि रु ५३ करोड बजेट छ।

महाकाली सिँचाइ आयोजनाको कमाण्ड क्षेत्र विस्तार गर्ने तथा रानी–जमरा–कुलरिया आयोजनाको लम्की खण्डमा पूर्वाधार विकासलाई तीव्रता दिइने भएको छ । यी आयोजनाका लागि रु पाँच अर्ब १३ करोड उपलब्ध गराइने छ। बृहत् दाङ उपत्यका सिँचाइ आयोजना र प्रगन्ना–बड्कापथ सिँचाइ आयोजनामार्फत थप दुई हजार ३८० हेक्टर जमिनमा सिँचाइ सुविधा विस्तार गर्न रु एक अर्ब २१ करोड बजेट छुट्याइएको छ । सरकारले नौमुरे बहुउद्देश्यीय सिँचाइ आयोजनाबाट कपिलवस्तु क्षेत्रमा सिँचाइ विस्तार गर्ने उद्देश्यसहित आवश्यक पूर्वतयारी कार्य सम्पन्न गर्ने जनाएको छ । वाणगङ्गा तथा नारायणी सिँचाइ आयोजनाको पुनःस्थापना र मर्मतसम्भारका लागि बजेट विनियोजन गरिएको छ । सुनसरी–मोरङ, चन्द्र नहर, कमला, नारायणी, गण्डक तथा कोशी पम्पजस्ता पुराना सिँचाइ प्रणालीको पुनःस्थापना तथा मर्मतका लागि रु ४४ करोड विनियोजन गरिएको छ । विगतमा निर्माण भएका तर जीर्ण बनेका प्रणालीलाई पुनःप्रभावकारी बनाउनेतर्फ सरकारले ध्यान दिएको छ। तराई–मधेशमा सतह सिँचाइको पहुँच नपुगेका थप तीन हजार ९८० हेक्टर खेतीयोग्य जमिनमा भूमिगत सिँचाइ सुविधा विस्तार गर्न रु अर्ब ८३ करोड विनियोजन गरिएको छ । सर्लाही र धनुषामा 'स्मार्ट' प्रविधिमा आधारित भूमिगत सिँचाइ प्रणाली विस्तार गर्ने योजना पनि अघि सारिएको छ । पहाडी तथा हिमाली क्षेत्रमा लिफ्ट सिँचाइलाई प्राथमिकतामा राख्दै सरकारले रु ८० करोड विनियोजन गरेको छ। आगामी वर्ष पहाडी टार क्षेत्रमा दुई हजार २३० हेक्टर जमिनमा थप लिफ्ट सिँचाइ सुविधा विस्तार गर्ने लक्ष्य छ । महाकाली, कर्णाली, नारायणी र कोशीजस्ता ठूला नदीको व्यवस्थापनका लागि पनि बजेट विनियोजन गरिएको छ। रासस

# प्रेस चौतारी इन्चार्जको जिम्मेवारी झाँक्रीलाई



**काठमाडौँ ।**
नेकपा एमालेले रामकुमारी झाँक्रीलाई प्रेस चौतारी नेपालको इन्चार्जको जिम्मेवारी दिएको छ । अपानि–२ मार्फत झाँक्रीलाई प्रेस चौतारी नेपालको इन्चार्जको जिम्मेवारी दिइएको हो ।

पार्टीले आगामी स्थानीय तह र प्रदेश निर्वाचनलाई लक्षित गर्दै केन्द्रीय पदाधिकारी बाहेकका सबै केन्द्रीय सदस्यलाई पालिका केन्द्रित जिम्मेवारी समेत बाँडफाँट गरेको छ । त्यस्तै, एमालेले पार्टीको प्रचार तथा प्रकाशन विभाग प्रमुखको जिम्मेवारी नीरज आचार्यलाई दिएको छ ।

# सरकार गलत दिशामा गएमा खबरदारी गर्नुस्ः सभामुख



**काठमाडौँ ।**
सभामुख डोलप्रसाद अर्यालले सरकार गलत दिशामा गएमा वा काम गर्नमा ढिलाइ भएको अवस्थामा घण्टी बजाएर सचेत गराउन आग्रह गरेका छन् ।

शनिवार काठमाडौँमा आयोजित एक कार्यक्रममा उनले कानुन निर्माण प्रक्रियामा सुझाव दिन र सरकारका कमजोरीप्रति समयमै सचेत गराउन पनि आग्रह गरे । उनले देशलाई समृद्ध, सुशासित र भ्रष्टाचारमुक्त बनाउन सबै क्षेत्रको सक्रिय भूमिका आवश्यक रहेको बताए ।

सभामुख अर्यालले देशमा सुशासन स्थापना, भ्रष्टाचार नियन्त्रण र आर्थिक समृद्धि हासिल गर्ने लक्ष्य वर्तमान पुस्ताले नै पूरा गर्नुपर्नेमा जोड दिए ।

बिदेसिएका नेपाली युवालाई स्वदेश फर्काउने अवस्था निर्माण गर्नुपर्ने तथा नेपाललाई बस्न र लगानी गर्न उपयुक्त राष्ट्रका रूपमा विकास गर्नुपर्ने उनको भनाई छ । नेपालका प्राकृतिक, धार्मिक तथा सांस्कृतिक सम्पदाहरूलाई विश्वसामु प्रभावकारी रूपमा प्रवद्र्धन गर्नुपर्ने उल्लेख गर्दै उनले लुम्बिनी, सगरमाथा, पशुपतिनाथ मन्दिर, मुक्तिनाथ मन्दिर, जानकी मन्दिर तथा पाथीभरा मन्दिरजस्ता गन्तव्यहरूले नेपाललाई अन्तर्राष्ट्रिय पर्यटनको प्रमुख केन्द्र बनाउन सक्ने बताए । रासस

# ५० युनिटभन्दा बढी विद्युत खपतमा लगाइएको कर फिर्ता लिन माग



**काठमाडौँ ।**
उज्यालो नेपाल पार्टीका अध्यक्ष कलमान घिसिङले मासिक ५० युनिटभन्दा बढी विद्युत खपत गर्ने उपभोक्तामाथि ५ प्रतिशत मूल्य अभिवृद्धि कर (भ्याट) निर्णय फिर्ता लिन सरकारसँग माग गरेका छन् ।

सरकारले शुक्रबार प्रस्तुत गरेको बजेटमा ५० युनिटभन्दा धेरै विद्युत खपत गर्ने उपभोक्तालाई ५ प्रतिशत कर लगाउने उल्लेख गरेको छ । घिसिङले सामाजिक सञ्जालमा सनिबार वक्तव्य जारी गर्दै उक्त निर्णय आम उपभोक्ताको हित, ऊर्जा रूपान्तरणको लक्ष्य तथा स्वदेशमै उत्पादित स्वच्छ ऊर्जाको उपयोग बढाउने राष्ट्रिय अभियानविपरीत रहेकोले फिर्ता लिन माग गरेका हुन् ।

मासिक ५० युनिटभन्दा बढी खपत गर्ने अधिकांश ग्राहक सामान्य घरायसी उपभोक्ता हुन् । यस्तो अवस्थामा कर लगाउने निर्णयले लाखौं परिवारको मासिक खर्च बढाउनेछ र भान्सा अझ महँगो बनाउनेछ । देशभित्रै उत्पादित विद्युतको खपत बढाउन प्रोत्साहनमूलक नीति ल्याउनुपर्नेमा सरकारले उल्टै विद्युत प्रयोगलाई निरुत्साहित गर्ने कदम चालेको छ । यसले विद्युतीय चुलो लगायतका उपकरणको प्रयोग घटाएर पुनः एलपी ग्यासतर्फ निर्भरता बढाउन सक्छ, जुन राष्ट्रिय ऊर्जा सुरक्षा, व्यापार घाटा न्यूनीकरण तथा हरित अर्थतन्त्र निर्माणको लक्ष्यसँग मेल खाँदैन, उनले भनेका छन् । रासस

# फागुनको निर्वाचन परिणाम अस्वभाविक, संविधान र लोकतन्त्र संकटमाः ओली

**काठमाडौँ ।**
नेकपा (एमाले) का अध्यक्ष केपी शर्मा ओलीले मुलुकको संविधान, लोकतान्त्रिक गणतन्त्र र संसदीय लोकतन्त्रमाथि गम्भीर चुनौती उत्पन्न भएको दाबी गरेका छन् ।

एमालेले सार्वजनिक गरेको अन्तरपार्टी निर्देशन (अपानि) मा अध्यक्ष ओलीले लामो बलिदानीपूर्ण संघर्षबाट प्राप्त नेपालको संविधान संकटमा परेको र लोकतान्त्रिक गणतन्त्रको भविष्यसमेत जोखिममा रहेको उल्लेख गरेका छन् ।



उनले लोकतन्त्रका लागि लामो संघर्ष गरेका राजनीतिक दल र नेतृत्वलाई नयाँ र पुरानाको नाममा विस्थापित गर्ने षड्यन्त्र भइरहेको दाबी गरेका छन् । यसका साथै, भू–राजनीतिक द्वन्द्वमा नेपालको भूमि दुरुपयोग गर्न चाहने स्वार्थी तत्वहरूको चलखेल बढेको र सरकारका केही गतिविधिका कारण नेपालको भौगोलिक अखण्डतामाथि समेत प्रश्न उठ्ने अवस्था सिर्जना भएको जनाएका छन् ।

ओलीले यस्तो परिस्थितिमा पार्टी आन्दोलनको मात्र नभई संविधान र लोकतान्त्रिक भविष्यको रक्षा गर्ने जिम्मेवारी पनि एमालेको काँधमा आएको बताएका छन् । विश्व व्यवस्थामा भइरहेको परिवर्तन र त्यसका प्रभावबाट क्षेत्रीय अस्थिरता उत्पन्न हुन नदिन तथा नेपालको सार्वभौमसत्ता र अखण्डता सुरक्षित राख्न एमाले सबल र सुदृढ हुनुपर्ने उनको भनाइ छ । अपानिमा फागुन २१ गतेको निर्वाचनको परिणामलाई 'अस्वाभाविक' भन्दै त्यसबाट पार्टी चिन्तित रहेको उल्लेख गरिएको छ ।

निर्वाचनमा एमाले मात्र नभई अन्य प्रमुख लोकतान्त्रिक दलहरू पनि कमजोर बनेको उल्लेख गर्दै त्यसका कारण र जिम्मेवारीबारे समयक्रममा समीक्षा हुने जनाइएको छ । अध्यक्ष ओलीले निर्वाचनपछिको निराशा र पार्टीभित्र देखिएको पलायन प्रवृत्तिलाई रोक्न आवश्यक रहेको समेत बताएका छन् । पार्टी समीक्षा प्रक्रियामा रहेको र केन्द्रीय कमिटी बैठकबाट पुनर्गठन तथा पुनर्जागरणको कार्ययोजना अघि बढाइने उनले उल्लेख गरेका छन् ।

सदस्यता नवीकरण अभियानमार्फत पार्टीलाई पुनः सुदृढ बनाउने योजना रहेको भन्दै ओलीले जति नै गम्भीर समस्या वा जटिल चुनौती भए पनि त्यसको समाधान सम्भव रहेको समेत औँल्याएका छन् । इतिहासमा अनेकौँ चुनौती सामना गर्दै एमाले राष्ट्रिय राजनीतिको केन्द्रीय शक्तिका रूपमा स्थापित भएको स्मरण गराउँदै उनले सम्पूर्ण पार्टीपंक्तिलाई सक्रिय रूपमा काममा जुट्न आह्वान गरेका छन् । रासस

# जनताको अपेक्षा सम्बोधन गर्ने बजेट आएको छः सञ्चारमन्त्री

**नुवाकोट ।**
सूचना तथा सञ्चारमन्त्री विक्रम तिमिल्सिनाले आगामी आर्थिक वर्ष २०८३–८४ का लागि सरकारले प्रस्तुत गरेको बजेट जनताको अपेक्षा, युवापुस्ताको सुशासन, समृद्धि र परिवर्तनको आकांक्षालाई सम्बोधन गर्ने गरी ल्याइएको बताएका छन् । राष्ट्रिय स्वतन्त्र पार्टी (रास्वपा) को प्रथम पालिका अधिवेशनका अवसरमा तादी गाउँपालिका–५ मा आयोजित कार्यक्रममा मन्त्री तिमिल्सिनाले निर्वाचनका क्रममा जनतासामु गरिएका प्रतिबद्धता कार्यान्वयन गर्नु सरकार र जनप्रतिनिधिको प्रमुख दायित्व भएको उल्लेख गर्दै वर्तमान सरकार त्यसतर्फ दृढतापूर्वक अघि बढिरहेको बताए । उनले बजेटले मुलुकको अर्थतन्त्रलाई आगामी दिनमा कुन दिशातर्फ अघि बढाउने भन्ने स्पष्ट मार्गचित्र प्रस्तुत गरेको दाबी गर्दै सरकारका प्राथमिकता, राजस्व नीति तथा दीर्घकालीन विकास दृष्टिकोणलाई समेत समेटिएको बताए । नीतिगत सुधारमार्फत विकास प्रक्रियालाई प्रभावकारी, सन्तुलित र समावेशी बनाउने प्रयास भइरहेको उल्लेख गर्दै समानुपातिक विकास सुनिश्चित गर्न सरकार प्रतिबद्ध रहेको उनको भनाइ थियो ।



'विगतका वर्षहरूमा जस्तो छरिएको र उद्देश्यविहीन बजेट होइन, यसपटक राष्ट्रिय आवश्यकतालाई केन्द्रमा राखेर विकासको स्पष्ट प्रस्थानविन्दु तय गरिएको छ,' मन्त्री तिमिल्सिनाले भने । उनले नयाँ सोच र दृष्टिकोणअनुसार बजेट निर्माण गरिएको उल्लेख गर्दै विकास र बजेटको लाभ सीमित शक्तिशाली समूहमा केन्द्रित हुने अवस्थाको अन्त्य गर्न सरकार प्रयासरत रहेको बताए । बजेट वक्तव्यले सबै विषय समेट्न नसक्ने भएकाले विस्तृत योजना तथा कार्यक्रम 'रातो किताब'मार्फत सार्वजनिक गरिने जानकारी पनि उनले दिए ।

जिल्लाका विभिन्न समस्या समाधानका लागि आफू सक्रिय रहने प्रतिबद्धता व्यक्त गर्दै मन्त्री तिमिल्सिनाले स्थानीयवासीलाई आफ्ना गुनासा र समस्या जुनसुकै माध्यमबाट भए पनि जानकारी गराउन आग्रह गरे । प्राप्त समस्याको समाधानका लागि आवश्यक पहल गर्ने आश्वासन पनि उनले दिए ।

मन्त्री तिमिल्सिनाले वर्तमान बजेट सत्तारुढ दलहरूले निर्वाचनका क्रममा गरेका प्रतिबद्धता कार्यान्वयन गर्ने उद्देश्यसहित ल्याइएको दाबी गर्दै विकासमा सबै नागरिकको समान अधिकार सुनिश्चित गर्न सरकार केन्द्रित रहेको बताए । बजेटमार्फत आगामी २० वर्षलाई लक्षित गरी योजनाबद्ध विकासको आधार तयार गरिएको उनको भनाइ थियो । उनले भ्रष्टाचार र बिचौलियातन्त्र अन्त्य गर्ने प्रतिबद्धतासहित सरकार अघि बढिरहेको स्पष्ट पार्दै यस्ता विकृतिविरुद्ध कडा कदम चालिने बताए । 'राजनीति जनताका लागि गरिन्छ । गलत काम गर्नेहरू अब स्वाभाविक रूपमा अप्ठ्यारोमा पर्छन्,' उनले भने ।

सरकारका नीति, कार्यक्रम र योजनाको केन्द्रमा नागरिक रहेको उल्लेख गर्दै मन्त्री तिमिल्सिनाले विगतमा शासन व्यवस्था सीमित स्वार्थ समूहको प्रभावमा पर्दा युवाहरूमा असन्तुष्टि र विद्रोहको भावना बढेको धारणा राखे । नागरिकलाई केन्द्रमा राख्ने शासन प्रणाली प्रभावकारी रूपमा स्थापित हुन नसक्दा जनतामा निराशा बढेको र त्यसले वैकल्पिक राजनीतिक शक्तिको आवश्यकता महसुस गराएको उनको भनाइ थियो । रासस

# महिलालाई सहभागी गराउने वातावरण निर्माण गर्नुपर्ने आवश्यकता छः उपराष्ट्रपति

**काठमाडौँ ।**
उपराष्ट्रपति रामसहायप्रसाद यादवले महिलालाई आफ्ना अधिकारबारे सचेत बनाउँदै नेतृत्व, शिक्षा, उद्यमशीलता र सामाजिक योगदानमा सहभागी गराउने वातावरण निर्माण गर्नुपर्ने आवश्यकता औँल्याएका छन् । ८ औँ राष्ट्रिय महिला अधिकार दिवस, २०८३ को अवसरमा शनिबार नेपाली दिदीबहिनीमा बधाई सहित सुख, शान्ति, समृद्धि र उत्तरोत्तर प्रगतिका लागि शुभकामना व्यक्त गर्दै उनले सो आवश्यकता औँल्याएका हुन् ।

उपराष्ट्रपति यादवले महिलामाथि हुने सबै प्रकारका हिंसा, विभेद र असमानताविरुद्ध सामूहिक आवाज उठाउने अवसरका रूपमा पनि यस दिवसलाई लिन सक्नुपर्ने उल्लेख गर्दै संविधानमा उल्लेखित लैङ्गिक समानताका प्रावधानलाई व्यवहारमा उतार्न तथा सामाजिक चेतना फैलाउन यो दिवसले महत्त्वपूर्ण भूमिका निर्वाह गर्दै आएको बताएका छन् ।

उपराष्ट्रपति यादवले भनेका छन्, महिला अधिकारको प्रत्याभूतिबिना समाजको समान विकास सम्भव छैन, शिक्षा, स्वास्थ्य, सीप विकास, आर्थिक स्वतन्त्रता, राजनीतिक सहभागिता, कानुनी सुधार र नेतृत्वमा महिलाको सम्मानजनक उपस्थिति सुनिश्चित गर्न सरकार, नागरिक समाज तथा सबै क्षेत्रबिच सहकार्य अपरिहार्य छ ।



सम्पत्तिमा समान हक, स्थानीय तहमा महिलाको अनिवार्य प्रतिनिधित्व, राष्ट्रियसभामा प्रत्येक प्रदेशबाट कम्तीमा तीन महिलाको सहभागिता तथा समानुपातिक प्रणालीमार्फत प्रतिनिधिसभामा एक तिहाइ महिलाको सुनिश्चितता, यी संवैधानिक व्यवस्थाले महिलाको अधिकारलाई संस्थागत बनाएको उपराष्ट्रपति यादवको भनाइ छ ।

महिला अधिकारका क्षेत्रमा भएका ऐतिहासिक उपलब्धिको सम्मान स्वरूप हरेक वर्ष जेठ १६ गते यो दिवस विभिन्न कार्यक्रमको आयोजना गरी मनाइन्छ । आमा वा बुबामध्ये एकको नामबाट सन्तानलाई नागरिकता प्राप्त गर्ने व्यवस्था, राज्यका सबै संरचनामा कम्तीमा एक तिहाइ महिलाको सहभागिता सुनिश्चित गर्ने संवैधानिक प्रावधान, विभेदकारी कानुनको खारेजी तथा महिलामाथि हुने हिंसा अन्त्य गर्ने प्रतिबद्धताजस्ता उपलब्धि दिवसका आधार स्तम्भ भएको उपराष्ट्रपति यादवले बताएका छन् ।

दिवसले महिला अधिकारको संरक्षण र प्रवर्धनसँगै लैङ्गिक समानता, महिला सशक्तीकरण, न्याय र समावेशी समाज निर्माणको मार्गलाई थप सशक्त बनाउँदै अघि बढ्न उत्प्रेरित गर्ने उपराष्ट्रपति यादवको विश्वास छ । उनले भने, राष्ट्रिय महिला अधिकार दिवसले हामीलाई लैङ्गिक समानता र महिला सशक्तीकरण समाजको समृद्धि तथा राष्ट्रको प्रगतिका लागि अनिवार्य सर्त हुन् भन्ने तथ्यलाई अङ्गीकार गर्न उत्प्रेरित गर्दछ, राष्ट्रिय महिला अधिकार दिवसले न्याय, समानता, समावेशिता र सशक्तीकरणका लक्ष्य प्राप्त गर्न सबैलाई एकजुट भई अघि बढ्न प्रेरणा प्रदान गरोस् भनी शुभकामना व्यक्त गर्दछु । रासस

# एसियन गेम्स छनोट नेपाल सेमिफाइनलमा पराजित

**काठमाडौं ।**
नेपाल एसियन गेम्स महिला क्रिकेट छनोटको सेमिफाइनलमा मलेसियासँग दुई विकेटको हार व्यहोरेको छ । जितसँगै मलेसियाले एसियन गेम्समा स्थान पक्का गरेको छ । शनिबार बायोमास ओभलमा नेपालले प्रस्तुत गरेको १२७ रनको लक्ष्य घरेलु टोली मलेसियाले १८.४ ओभरमा पूरा ग¥यो । मलेसियाकी एलिसा हन्टरले सर्वाधिक ४८ रनको योगदान गरिन् । धनुश्री मोहुनानले २१,आइना हासिमले १८ र माहिरा स्माइलाले १४ रन बनाए । नेपालकी रिया शर्माले तीन विकेट लिइन् । मनिषा उपाध्याय र रुबिना क्षेत्रीले समान दुई विकेट हात पार्दा सीता रानामगरको नाममा एक विकेट रह्यो । त्यसअघि टस जितेर ब्याटिङ रोजेको नेपालले निर्धारित २० ओभरमा ६ विकेट गुमाएर १२६ रनको योगफल खडा गरेको थियो ।

नेपालका लागि कप्तान इन्दु बर्माले अविजित ४६ रन जोडिन् । कविता कुँवरले ३३, रुवी पोदारले १७ र पूजा महतोले १५ रन जोडे । मलेसियाकी विनिफ्रेड दुराइसिंघमले दुई विकेट लिइन् । आइसा एलिसा र माहिरा स्माइलाले समान एक विकेट लिए । अब उपाधिका लागि मलेसियाले थाइल्यान्डको सामना गर्नेछ । नेपालले तेस्रो स्थानका लागि चीनसँग खेल्नेछ ।रासस

# अन्तर्राष्ट्रिय आलु दिवसः ‘आलु जहाँ फल्छ, त्यहाँ जीविकोपार्जन फस्टाउँछ’

**काठमाडौँ ।**
‘आलु जहाँ फल्छ, त्यहाँ जीविकोपार्जन फस्टाउँछ’ नाराका साथ यो दिवस विश्वका विभिन्न देशमा विविध कार्यक्रमका साथ मनाइएको छ । संयुक्त राष्ट्रसङ्घीय खाद्य तथा कृषि सङ्गठन (एफएओ)को आह्वानमा सन् २०२४ देखि यो दिवस मनाउन प्रारम्भ भएको हो । सन् २०२६ मे २९ तारिखमा तेस्रो पटक यो दिवस मनाईएको छ ।

यो दिवसले आलु उत्पादन, वितरण तथा उपभोगसँग जोडिएका किसानदेखि मूल्य श्रृङ्खलासम्मका सबै सरोकार भएकालाई समेट्दै दिगो तथा समावेशी कृषि–खाद्य प्रणाली प्रवद्र्धन गर्ने उद्देश्य लिएको छ । आलु, वैज्ञानिक नाम सोलानम ट्युबेरोसम हो । विश्वका अर्बौं मानिसको नियमित आहारमा समावेश हुने प्रमुख बालीमध्ये एक हो । एफएओका अनुसार आलु विश्वका १५९ देशमा खेती गरिन्छ भने यसको करिब ५ हजार प्रजातिहरू विश्वभर पाइन्छन् । करिब ८ हजार वर्षदेखि मानव सभ्यतासँग जोडिएको यो बाली आज पनि उत्तिकै महत्वपूर्ण खाद्य सुरक्षा र जीविकोपार्जनको आधारका रूपमा रहँदै आएको छ । उच्च पहाडी क्षेत्रदेखि समथर भू–भागसम्म विविध कृषि प्रणालीमा खेती गरिने आलुले खाद्य सुरक्षा र पोषण सुनिश्चित गर्न महत्वपूर्ण योगदान पुर्याउँदै आएको छ । यसको उत्पादनले ग्रामीण तथा शहरी दुवै क्षेत्रमा रोजगारी सिर्जना गर्दै गरिबी न्यूनीकरणमा सहयोग पुर्याएको छ । साना किसानदेखि ठूला व्यावसायिक कृषि फार्मसम्म फैलिएको यस बालीले विश्वका विभिन्न महादेशमा आर्थिक गतिविधि चलायमान बनाएको छ । यस दिवसले सन् २००८ मा मनाइएको अन्तरराष्ट्रिय आलु वर्षको उपलब्धिलाई निरन्तरता दिँदै आलु बालीको महत्वलाई अझ उजागर गर्ने उद्देश्य राखेको छ ।

विशेषगरी साना पारिवारिक किसान, जसमध्ये उल्लेख्य सङ्ख्या महिला किसानको रहेको छ, उनीहरूले आलुको विविध प्रजाति संरक्षण र प्रवद्र्धनमा खेलेको भूमिकालाई पनि यस अवसरमा सम्मान गरिएको छ । त्यसैगरी, आलुको सांस्कृतिक तथा पाक परम्परासँग जोडिएको विविधतालाई पनि विश्वव्यापी रूपमा मनाइने यो दिवसले उजागर गर्ने अपेक्षा गरिएको छ । संयुक्त राष्ट्रसङ्घले बढ्दो भोकमरी, गरिबी र जलवायु परिवर्तनजस्ता चुनौती सामना गर्न दिगो कृषि प्रणालीको विकासमा आलुजस्ता बालीको योगदान महत्वपूर्ण हुने जनाएको छ ।रासस

# सार्वजनिक जग्गामा स्याउ बगैँचा



**बागलुङ ।**
बागलुङको तमानखोला गाउँपालिकाले सार्वजनिक जग्गालाई आय आर्जनसँग जोड्न स्याउखेती विस्तार गरेको छ । गाउँपालिकाले २४ रोपनी सार्वजनिक जग्गामा रु ४० लाख खर्चेर स्याउ बगैँचा निर्माण गरेको हो । गाउँपालिकाले जग्गाको संरक्षण, तारबार, थोपा सिँचाइ प्रविधिसहित एक हजार ४०० स्याउका बिरुवा हुर्काइरहेको छ ।

गाउँपालिका–४ स्थित गोरदी र बयलीमा सार्वजनिक जग्गाको झाडी फाँडेर स्याउखेती विस्तार गरेको तमानखोला गाउँपालिकाका अध्यक्ष जोकलाल बुढाले जानकारी दिए ।

गाउँपालिकाले वडा कार्यालयको संरक्षणमा स्याउ बगैँचा विस्तार गरेको र अहिले स्याउका एक हजार ४०० बिरुवा एक वर्षदेखि हुर्किरहेका छन्, अध्यक्ष बुढाले भने, चारदेखि पाँच वर्षमा स्याउ फल्ने गरी मुस्ताङबाट बिरुवा लिएर एक वर्षअघि लगाइएको छ, गाउँपालिकाले स्याउको प्रतिफल दिन थालेपछि स्थानीयलाई हस्तान्तरण गर्ने योजना छ, गाउँपालिकाले कार्यविधि बनाउँछ ।

पालिकाले गरेको लगानीको प्रतिफल उठाउने र समुदायमा संरक्षणका लागि स्याउ बगैँचा हस्तान्तरण गर्नेगरी अहिले वडा कार्यालयले स्याउ बगैँचा विस्तार र संरक्षणको काम गरिरहेको छ ।

गाउँपालिकाको ठूलो लगानीमा खेर गएको सार्वजनिक जग्गा सदुपयोग गर्दै कृषिलाई पर्यटनसँग जोड्नेगरी काम गरिरहेको तमानखोला गाउँपालका–४ का अध्यक्ष छ प्रसाद श्रीपालीले जानकारी दिए ।

गाउँपालिकाले उत्पादनको नीति ल्याएको हो, उत्पादनमा नोजोडिने हो भने गाउँको जमिन खाली हुन्छ, हामीले खेर गएको सार्वजनिक जग्गा व्यवस्थापन गरेर सिँचाइसहितको स्याउ बगैँचा स्थापना गरेको हो, श्रीपालीले भने, चौबिस रोपनी जग्गामा एकसाथ स्याउ फल्दा कृषिमा जोडेर पर्यटनकोसमेत विकास गर्ने र बयलीमा स्याउ बगैँचाका बीचमा रिसोर्ट बनाउने योजना छ ।

गोरदीमा सात लाख र बयलीमा ३३ लाख खर्च गरेर तारबार, सिँचाइसहितको स्याउ बगैँचा स्थापना गरिएको हो । सार्वजनिक जग्गालाई तारबार गरेर बिरुवा लगाउँदा संरक्षण भएको र उत्पादन खेर जाने समस्या अन्त हुने विश्वास गरिएको छ ।

मुस्ताङबाट पाँच वर्षभित्रै फल्ने गाला र गोल्डेन जातको स्याउको बिरुवा सम्भाव्यता अध्ययन गरेपछि लगाइएको गाउँपालिकाका कृषि प्राविधिक विधान बगालेले जानकारी दिए । समुन्द्र सतहदेखि दुई हजार ३०० मिटरको उचाइमा चिसो मौसममा स्याउ राम्रो फल्ने सम्भावना रहेको बगालेको भनाइ छ । स्याउले उत्पादन राम्रो दिएमा पर्यटनलाई लक्षित गरेर घरबास र रिसोर्ट लगायतको पूर्वाधारमा पालिकाले थप लगानी गर्ने योजना बनाएको छ ।रासस

# धान खेतमा पहिलो पटक मखना खेती

**भद्रपुर ।**
धान खेतीका लागि परिचित झापाको दक्षिणी सीमावर्ती क्षेत्र कचनकवलमा पहिलो पटक व्यावसायिक रूपमा मखना खेती सुरु गरिएको छ । पानीमा फल्ने कमल प्रजातिको पौष्टिक खाद्य पदार्थ मखनाको खेती युवा कृषकले नेपालमै पहिलो पटक ठूलो क्षेत्रफलमा थालेपछि यतिबेला यो खेती स्थानीयको चासोको विषय बनेको छ । कचनकवल गाउँपालिका–४ केचनाका ३९ वर्षीय कृषक चन्द्र राजवंशीले भारतको विहारबाट प्रविधि सिकेर २० बिघा क्षेत्रफलमा मखना खेती सुरु गरेका हुन् ।



धान र मकै खेती हुने खेतमा पानी जमाएर गरिएको यो खेती अहिले झापामै नयाँ र फरक कृषि अभ्यासका रूपमा हेरिएको छ । राजवंशीले १० वर्षका लागि प्रतिविघा ३० मन धान बराबरको रकम अग्रिम भुक्तानी गरेर भाडामा लिएको जमिनमा मखना खेती सुरुआत गरेको बताए । भारतको सीमावर्ती क्षेत्रमा मखना खेती मनग्य आम्दानी दिने खेतीका रूपमा विकास भइरहेको देखेपछि नेपालमा पनि यसको सम्भावना खोज्ने सोच आयो, उनले भने, जोखिम भए पनि नयाँ खेतीको परीक्षणस्वरूप ठूलो लगानी गरेर सुरु गरेको हुँ ।

मखना पानीमा फल्ने कमल प्रजातिको वनस्पति हो । यसको फराकिलो पात काँडाले ढाकिएको हुन्छ भने पातको बीचभागबाट फूल र फल लाग्ने गर्दछ । वैशाख अन्तिम सातादेखि फूल लाग्न सुरु हुने मखना साउन अन्तिम सातादेखि पाक्न थाल्ने कृषक राजवंशी बताउँछन् । उनका अनुसार मखना खेतीका लागि सुरुआतमा धेरै मेहनत आवश्यक पर्छ ।

पुस महिनादेखि खेत खनजोत सुरु हुन्छ, उनले भने, मिहिन रूपमा खेत तयार गरी बलिया आली बनाइन्छन् र निरन्तर पानी जमाइन्छ । आठ महिनापछि मात्रै उत्पादन प्राप्त हुने भएकाले यो खेती धैर्यता र लगानी दुवै चाहिने खेतीका रूपमा रहेको राजवंशीको अनुभव छ । उनले बिउदेखि प्रविधिसम्म भारतबाट ल्याएर खेती सुरु गर्दा हालसम्म करिब रु १४ लाख खर्च भइसकेको बताए । उत्पादित मखना भारत निर्यात गर्न पाए प्रतिविघा रु तीन लाखसम्म नाफा लिन सकिने उनको अनुमान छ ।

कृषक राजवंशीका अनुसार नेपालमा हालसम्म व्यावसायिक रूपमा मखना खेती सुरु नभएकाले यसको बजार व्यवस्थापन र सरकारी नीतिबारे स्पष्ट व्यवस्था छैन । उत्पादनपछि बजारीकरण तथा निर्यात प्रक्रियामा सहजीकरण आवश्यक रहेको उनको भनाइ छ । मखना खेती सुरु भएपछि कचनकवल क्षेत्रमा आन्तरिक चासोसमेत बढ्न थालेको स्थानीयवासी बताउँछन् ।

स्थानीय खुसी राजवंशीका अनुसार अनौठो खेती भएकाले हेर्नकै लागि दैनिक धेरै किसान खेतसम्म पुग्ने गरेका छन् । धान खेतमा पानी जमाएर फरक प्रकारको खेती गरिएको देख्दा धेरैलाई उत्सुकता लागेको छ, उनले भनिन् । मखना धार्मिक तथा स्वास्थ्य दुवै दृष्टिले महत्वपूर्ण खाद्य पदार्थका रूपमा चिनिन्छ । हिन्दू धर्ममा पूजापाठमा प्रसादका रूपमा प्रयोग गरिने मखना नेपालमा मुख्यतः भारतबाट आयात हुने गरेको छ । पोषणविद्का अनुसार मखनामा प्रोटिन, फाइबर, क्याल्सियम, आइरन, म्याग्नेसियम, पोटासियम र भिटामिन ‘सी’ प्रशस्त मात्रामा पाइन्छ । स्वास्थ्यका दृष्टिले लाभदायक मानिने मखानालाई ‘सुपर फुड’ तथा ‘अर्गानिक खाद्य’ समेत भनिने कृषक राजवंशी बताउँछन् । रासायनिक मल तथा विषादीको प्रयोगबिना उत्पादन गर्न सकिने भएकाले यसको माग भारतसहित अन्तर्राष्ट्रिय बजारमा पनि बढ्दो रहेको उनले बताए ।

कृषक राजवंशीले सरकारी सहयोगबिना आफ्नै लगानीमा बोरिङ जडान गरेर खेती गरिरहेका छन् । मखनाले उचित बजार पाउन सके आगामी वर्षदेखि यो खेती अझै विस्तार गर्ने योजना रहेको उनले बताए ।रासस

# विश्वकप सट्टेबाजी बजार ५० अर्ब डलर नाघ्ने अनुमान

**पेरिस ।**
आगामी विश्वकपले विश्वव्यापी सट्टेबाजी बजारमा अभूतपूर्व उछाल ल्याउने अपेक्षा गरिएको छ । सट्टेबाजी विज्ञहरूले प्रतियोगिताबाट मात्रै ५० अर्ब अमेरिकी डलरभन्दा बढी राजस्व सङ्कलन हुने अनुमान गरेका छन्, जसले यसलाई ‘सहरको सबैभन्दा ठूलो सर्कस’ जस्तो विशाल आर्थिक घटनाका रूपमा चित्रित गरेको छ । स्पोर्टराडारका प्रबन्धित व्यापार सेवाका प्रबन्ध निर्देशक ड्यारेन स्मलका अनुसार विश्वकप विस्तार, खेलाडी केन्द्रित सट्टेबाजी र डिजिटल प्लेटफर्महरूको वृद्धिले बजारलाई नयाँ उचाइमा पु¥याएको हो । उनका अनुसार कतार विश्वकपपछि टोली सङ्ख्या ३२ बाट ४८ मा विस्तार हुँदा सट्टेबाजी गतिविधिमा उल्लेखनीय वृद्धि हुने निश्चित छ । उनले अब परम्परागत टोली–आधारित सट्टेबाजीभन्दा पनि खेलाडीको व्यक्तिगत प्रदर्शन, सेलिब्रेटी प्रभाव र ‘प्लेयर प्रोप्स’ जस्ता विकल्पमा ग्राहकको रुचि तीव्र रूपमा बढेको बताए । यस अन्तर्गत गोल सङ्ख्या, पास, ट्याकलदेखि लिएर विशेष खेल परिस्थितिसम्ममा आधारित अनुकूल सट्टेबाजी विकल्पहरू



लोकप्रिय बन्दै गएको उनको भनाइ छ । स्पोर्टराडारका अनुसार ग्राहकहरूले अब खेललाई कथात्मक शैलीमा हेर्ने गरेका छन्, जसमा गोलकर्ता, खेलको नतिजा र विशेष घटनाहरूलाई जोडेर ‘बेट बिल्डर’ तयार गर्ने प्रवृत्ति बढेको छ ।

अङ्ग्रेजी सट्टेबाज कम्पनी कोरलका जनसम्पर्क प्रमुख डेभिड स्टिभेन्सले आगामी विश्वकप अहिलेसम्मकै सबैभन्दा ठूलो सट्टेबाजी प्रतियोगिता बन्ने बताए । उनका अनुसार ‘बेट बिल्डर’ प्रणाली कम्पनीको सबैभन्दा छिटो बढिरहेको क्षेत्र हो, जसले युवा र नयाँ ग्राहकलाई आकर्षित गरिरहेको छ । स्मलका अनुसार स्पोर्टराडारसँग जोडिएका २५० खेल पुस्तक ग्राहकहरूबीच अर्जेन्टिना र फ्रान्समा सट्टेबाजीको उच्च प्रवाह देखिएको छ । तर इङ्ग्ल्यान्डप्रति पनि उल्लेखनीय चासो रहेको उनले उल्लेख गरे । डेभिड स्टिभेन्सका अनुसार इङ्ग्ल्यान्ड फ्रान्स र स्पेनपछि तेस्रो दाबेदारका रूपमा रहेको छ र थोमस टुचेलको नेतृत्वमा लामो प्रतीक्षाको अन्त्य भएमा सट्टेबाजहरूलाई ठूलो आर्थिक असर पर्न सक्नेछ ।

यद्यपि सट्टेबाजी बजारको विश्वव्यापी विस्तारले इङ्ग्ल्यान्डको जित अघिल्ला दशकहरूको तुलनामा कम आर्थिक जोखिमपूर्ण बन्न सक्ने विश्लेषण पनि गरिएको छ । खेलाडी विशेष सट्टेबाजीतर्फ किलियन एमबाप्पे र एर्लिङ हालान्ड शीर्ष गोलकर्ताका प्रमुख आकर्षण बनेका छन् । हालान्डमा मात्रै कुल सट्टेबाजीको २० प्रतिशतभन्दा बढी रकम लगानी भइसकेको बताइएको छ ।

यसैबीच, असामान्य तर रोचक प्रवृत्तिका रूपमा न्युजिल्यान्डका स्ट्राइकर बेन वेनसमेत शीर्ष गोलकर्ताको शीर्ष १० सम्भावित सूचीमा प्रवेश गरेपछि सट्टेबाजी विशेषज्ञहरूले यसलाई ‘असाधारण भए पनि रोचक’ भन्दै टिप्पणी गरेका छन् ।

विशेषज्ञहरूका अनुसार प्रतियोगिताको भौगोलिक विस्तारले पनि सट्टेबाजीमा प्रभाव पार्नेछ । युरोपका दर्शकका लागि समय क्षेत्रका कारण पश्चिमी तटका खेलहरू पछ्याउन कठिन हुने भए पनि दक्षिण अमेरिका, विशेषगरी ब्राजिल, बजार विस्तारको महत्त्वपूर्ण केन्द्र बन्ने अपेक्षा गरिएको छ ।

अमेरिका, क्यानाडा र मेक्सिकोमा हुने विश्वकपमा अमेरिकी टोलीप्रति कम विश्वास देखिए पनि ठूलो अपसेट भएमा राजनीतिक र सार्वजनिक उत्सवमा उच्च चासो देखिन सक्ने विश्लेषण गरिएको छ । सट्टेबाजी विशेषज्ञहरूले अमेरिकी जित सम्भव भएमा राष्ट्रपति डोनाल्ड ट्रम्पसमेत उत्सव केन्द्रमा रहने सम्भावनाबारे रोचक अनुमान व्यक्त गरेका छन् ।रासस

# अमेरिका–इरान वार्तामा थप प्रगति, अन्तिम निर्णय हुन बाँकी

**वासिङ्टन डीसी ।**
अमेरिकी राष्ट्रपति डोनाल्ड ट्रम्पले इरानसँगको युद्धविराम अवधि थप गर्ने तथा होर्मुज जलडमरूमध्य पुनः पूर्ण रूपमा सञ्चालनमा ल्याउने विषयमा सम्भावित सम्झौताबारे छलफल गरेको भए पनि अन्तिम निर्णय अझै गरेका छैनन् ।

ह्वाइट हाउसमा राष्ट्रिय सुरक्षा सल्लाहकारहरूसँग करिब दुई घण्टा लामो बैठक सम्पन्न भएपछि पनि यस विषयमा कुनै अन्तिम निष्कर्षमा नपुगिएको अमेरिकी प्रशासनका एक वरिष्ठ अधिकारीले जानकारी दिए ।



राष्ट्रपति ट्रम्पले अमेरिकाका सुरक्षा चासोहरू सम्बोधन हुने तथा इरानको आणविक कार्यक्रमलाई नियन्त्रणमा राख्ने सुनिश्चितता भएको अवस्थामा मात्र सम्झौता अगाडि बढाइने धारणा व्यक्त गर्नुभएको बताइएको छ । यसअघि अमेरिका र इरानका प्रतिनिधिहरूबीच प्रारम्भिक सहमति भएको खबर सार्वजनिक भएको थियो । प्रस्तावित सहमतिअनुसार हालको युद्धविरामलाई थप ६० दिनसम्म कायम राख्ने र इरानको आणविक कार्यक्रमबारे थप वार्ता गर्ने विषय समावेश छ । राष्ट्रपति ट्रम्पले इरानले भविष्यमा आणविक हतियार विकास नगर्ने प्रतिबद्धता जनाउनुपर्ने, होर्मुज जलडमरूमध्य अन्तर्राष्ट्रिय जहाज आवागमनका लागि खुला राखिनुपर्ने तथा समुद्री मार्गमा रहेका बारुदी उपकरणहरू हटाइनुपर्ने धारणा राखे ।

उता, इरानका संसद् अध्यक्ष तथा प्रमुख वार्ताकार मोहम्मद बाघेर गालिबाफले विश्वास केवल व्यवहारिक कदमबाट स्थापित हुने बताए । उनले दुवै पक्षबाट ठोस कार्यान्वयन भएपछि मात्र थप प्रगति सम्भव हुने धारणा व्यक्त गरे । अमेरिका र इरानबीचको वार्ता जारी रहेपनि सम्भावित सम्झौताबारे अन्तिम निर्णय आउन अझै केही समय लाग्ने देखिएको छ ।रासस

# नेपाल चिकित्सकहरुको सम्मेलन सुरु



**चितवन ।**
नेपाल चिकित्सक सङ्घको आयोजनामा चितवनमा 'अल नेपाल मेडिकल कन्फ्रेन्स 'एनएमए कन २०२६' सुरु भएको छ । आइतबारसम्म सञ्चालन हुने सम्मेलन बिपी कोइराला मेमोरियल क्यान्सर अस्पतालको सभाहलमा सुरु भएको हो । सङ्घका अध्यक्ष डा अनिलविक्रम कार्कीका अनुसार सम्मेलनमा नेपालसहित भारत र चीनका विशेषज्ञ चिकित्सकहरु, नर्स र स्वास्थ्यकर्मीहरु सहभागी हुनुभएको छ । यसैगरी, विश्व स्वास्थ्य सङ्गठनका प्रतिनिधिहरु कार्यक्रममा सहभागी छन् । साथै स्वास्थ्य मन्त्रालय र बागमती प्रदेशको स्वास्थ्य मन्त्रालयका प्रतिनिधि सहभागी छन् । सङ्घका चितवन जिल्ला सचिव डा महेन्द्र अग्रहरिका अनुसार प्यानल छलफल सुरु भएको छ । तीन वटा सभाकक्षमा छुट्टाछुट्टै छलफल भएको उनले जानकारी दिए ।

यसैगरी, कार्यपत्र प्रस्तुतीकरण र रोगका बारेमा अनुसन्धात्मक कार्यप्रगति प्रस्तुतीकरण भइरहेका छन् । कार्यपत्र ४० र कार्यप्रगति ३० वटा रहेका छन् । आज बिहानदेखि प्राविधिक सत्र सुरु भएको सम्मेलनको आइतबार बिहान औपचारिक उद्घाटन कार्यक्रम हुनेछ । कार्यक्रममा देशभरबाट ३५० जना सहभागी छन् । सम्मेलनमा प्राथमिक स्वास्थ्य सेवा सुधार, डिजिटल हेल्थ, ग्रामीण स्वास्थ्य पहुँच, स्वास्थ्य बीमा र मानव संसाधन व्यवस्थापन जस्ता विषयमा विशेष सत्रहरू सञ्चालन गरिएको उनको भनाइ छ ।

हरेक दुई–दुई वर्षमा हुँदै आएको यो कार्यक्रम बाह्र वर्ष यता तीन÷तीन वर्षमा गर्न थालिएको छ । यस वर्षको सम्मेलनको मूल नारा 'आधुनिक, सुलभ, किफायती र समान स्वास्थ्य सेवाका लागि नवप्रवर्तनमार्फत प्राथमिक स्वास्थ्य सेवा सुदृढीकरण' भन्ने रहेको छ । नेपालको स्वास्थ्य क्षेत्रमा देखिएका पहुँच, गुणस्तर र लागतसम्बन्धी चुनौतीलाई समाधान गर्न नवप्रवर्तनलाई केन्द्रमा राखेर छलफल थालिएको छ ।

सम्मेलनमा संविधानले प्रत्याभूत गरेको आधारभूत स्वास्थ्य अधिकारलाई कसरी सुदृढ बनाउने र स्वास्थ्य क्षेत्रमा विश्वका नयाँ प्रविधि र आविष्कारहरूलाई कसरी जोड्ने भन्ने विषयमा केन्द्रित रहेर वैज्ञानिक सत्रहरु सुरु भएका छन् । कार्यक्रममा स्वास्थ्य सचिव डा विकास देवकोटालगायत सरकारी निकायका अधिकारीहरु पनि सहभागी छन् । रासस

# खोटाङमा पर्यावरण संरक्षण अभियान सुरु



**खोटाङ ।**
यस क्षेत्रमा रहेका जैविक विविधताको संरक्षण गर्दै पर्यटन प्रवद्र्धन गर्ने उद्देश्यले पर्यावरण संरक्षण अभियान सुरु भएको छ । सोहीअन्तर्गत धुपी, लालीगुराँस, चिमाल, गोब्रेसल्ला, लोक्ता, पल्लिङ्गालगायत विभिन्न प्रजातिका दुई हजार ५०० बिरुवा रोपिएका छन् । साल्पा–सिलिचुङ क्षेत्रको प्रकृतिक सौन्दर्यलाई बचाइराख्न, जैविक विविधताको संरक्षण गर्न तथा पर्यटन प्रवद्र्धन गर्न वृक्षरोपण गरिएको साल्पा–सिलिचुङ सरोकार संरक्षण तथा प्रवद्र्धन केन्द्र अन्तरराष्ट्रिय समितिका कोषाध्यक्ष सङ्गीता नाछिरिङ राईले जानकारी दिए ।

डढेलोका कारण साल्पा–सिलिचुङ वरपरका मुन्दुमी वनस्पती नास हुँदै गएका छन् । यसलाई संरक्षण तथा प्रवद्र्धन गर्न तथा प्राकृतिक सम्पदाको विकासमार्फत पर्यटन प्रवद्र्धन गर्ने उद्देश्यले वृक्षरोपण गरिएको हो", उनले भने, "यही जेठ १० गतेदेखि सुरु गरिएको वृक्षरोपण अभियानलाई आगामी दिनमा पनि निरन्तरता दिइनेछ । वृक्षरोपणले साल्पा पोखरीको पानी सुक्न नदिन र सौन्दर्यकरणमा टेवा पुग्ने अपेक्षा गरिएको छ ।

केन्द्रको अन्तरराष्ट्रिय समितिका आर्थिक सहसंयोजक जलवती राईको नेतृत्वमा आयोजना गरिएको वृक्षरोपण कार्यक्रममा स्थानीयवासीको सक्रिय सहभागिता थियो । वृक्षरोपणमार्फत किरात ऐतिहासिकस्थल साल्पा पोखरीको मुहानलाई संरक्षण गर्दै साल्पा–सिलिचुङलाई हरियाली र सुन्दर बनाउने लक्ष्य राखिएको आयोजकले जनाएको छ ।

खोटाङ, भोजपुर, सङ्खुवासभा र सोलुखुम्बुको सङ्गमस्थलमा पर्ने मुन्दुमीस्थल साल्पा पोखरी र सिलिचुङलाई संरक्षण र सम्वद्र्धनका लागि विभिन्न संरचना पनि निर्माण भइरहेका छन् । पछिल्लो समय धार्मिक तथा पर्यटकीयस्थलका रूपमा विकास हुँदै गएको साल्पा–सिलिचुङ क्षेत्रमा साल्पा–सिलिचुङ सरोकार संरक्षण तथा प्रवद्र्धन केन्द्र अन्तरराष्ट्रिय समितिले किराती पुर्खा 'सुम्निमा–पारुहाङ र नछुङ (धामी)'को प्रतिमा स्थापना गरेको हो ।

साल्पा–सिलिचुङ क्षेत्रमा स्थापना गरिएको सुम्निमा–पारुहाङ र नछुङको प्रतिमा देश तथा विदेशमा रहेका किराती तथा गैरकिरातीबाट आर्थिक सहयोग सङ्कलन गरिएको रकमबाट निर्माण गरिएको आयोजकले जनाएको छ । औपचारिक कार्यक्रमसहित गत वर्ष स्थापना गरिएको सुम्निमा–पारुहाङ र नछुङको प्रतिमा सरकारका पूर्वमन्त्री सुदन किरातीले अनावरण गरेका हुन् ।

साल्पा–सिलिचुङ किरातीको मुन्दुमीस्थल तथा किरात धार्मिक, सांस्कृतिकस्थल भएकाले संरक्षण र प्रवद्र्धन गर्न सुम्निमा–पारुहाङ तथा नछुङको प्रतिमा स्थापना गरिएको समितिका अध्यक्ष राजेन खिम्बुले राईले बताए । उनले भने, किराती मुन्दुम अनुसार साल्पा–सिलिचुङ किरातीको सृष्टि र मुन्दुमको उत्पत्तिको केन्द्र भएको जनविश्वास छ । यसले किरातीलाई सांस्कृतिक रूपले एकतामा जोड्न सहयोग पुग्ने अपेक्षा गरिएको छ ।

साल्पा–सिलिचुङको चौतर्फी विकासका लागि विस्तृत परियोजना प्रतिवेदन (डिपिआर) निर्माण गरेर स्तरोन्नतिको काम सुरु गरिएको समितिले जनाएको छ । समितिले तयार पारेको डिपिआरअनुसार साल्पा–सिलिचुङ परिसरमा सुम्निमा–पारुहाङका साथै मुन्दुमी पात्रहरुको मूर्ति तथा प्रतिमा, बाबु (चिण्डो) आकारको मुन्दुमी गेट (प्रवेशद्वार), माङखिम तथा मुन्दुम सङ्ग्रहालयलगायतका भौतिक संरचना निर्माण गरिनेछ ।

'सृष्टिको उत्पत्ति केन्द्र मुन्दुमको प्राण, साल्पा–सिलिचुङ संरक्षण हाम्रो अभियान' भन्ने नाराका साथ सुरु गरिएको अभियानमा नेपालसहित बेलायत, हङकङ, कोरिया, अमेरिका, अस्ट्रेलिया, जापान, इजरायललगायत विश्वभर छरिरहेका नेपाली जोडिएका समितिका अध्यक्ष खिम्बुले जानकारी दिए । उनका अनुसार बृहत् योनासहित सुरु गरिएको अभियानका लागि साउदी अबरमा रहनुभएका भोगिन्द्र चाम्लिङ राईको संयोजकत्वमा आर्थिक सङ्कलन समिति गठन गरिएको छ ।

साल्पा–सिलिचुङको चौतर्फी विकास गर्ने उद्देश्यसहित सुरु गरिएको अभियानको अध्ययन तथा अनुसन्धानका लागि यसअघि अध्ययन तथा अनुसन्धान समितिसमेत निर्माण गरिएको थियो । धार्मिक तथा पर्यटकीयस्थल सिचिलुङबाट सर्वोच्च शिखर सगरमाथा, मकालु, कञ्चनजङ्घा, कुम्भकर्ण, मेरापिक हिमाललगायत हिमशृङ्खला, तराईका फाँट तथा विभिन्न नदी, वनजङ्गल र किराती बस्तीहरु प्रष्ट देख्न सकिन्छ ।

साल्पा पोखरीबाट उत्तरपूर्वी भेगमा पर्ने सिलिचुङको उचाइ समुन्द्री सतहबाट चार हजार १५५ मिटर अग्लो रहेको छ । सिलिचुङ आसपासमा रहेका टेम्के, मैयुङ, लौरे, चिलिमढुङ्गालगायतका डाँडामध्ये सबैभन्दा अग्लो डाँडाका रुपमा स्थापित छ ।

टेम्के समुद्री सतहबाट तीन हजार १६५ मिटर उचाइमा छ भने, मैयुङको उचाइ तीन हजार ३३३ मिटर अग्लो छ । किरात समुदायको आस्थाको केन्द्र मानिने सिलिचुङको फेदमा अवस्थित साल्पापोखरीमा आन्तरिक तथा बाह्य पर्यटक आफ्नो मनोकांक्षा पूरा हुने जनविश्वासका साथ पूजाआजा गर्दै आएका छन् ।

साल्पा पोखरीमा हरेक वर्ष चार पटक (वैशाख, भदौ, कात्तिक र फागुन महिनाको पूर्णिमामा) मेला लाग्दछ । बिना मुहान तथा बिना निकासको पानी जमेर बनेको साल्पापोखरीमा लाग्ने मेलामा खोटाङ, भोजपुर, सङ्खुवासभा, धनकुटा, सोलुखुम्बुलगायत विभिन्न जिल्लाबाट भक्तजन पुग्ने गरेका छन् ।

साल्पा पोखरीमा पूजाआजा गर्दा बोली नफुट्नेहरू बोल्न सक्ने, सन्तान नहुनेलाई सन्तान प्राप्ति हुने, धामी तथा झाँक्रीहरुले मुन्दुमी शक्ति प्राप्त गर्नेलगायत धार्मिक जनविश्वास रहिआएका छन् । कचौरा आकारमा फैलिएको साल्पा पोखरी समुद्री सतहबाट तीन हजार ६७२ मिटर उचाइमा अवस्थित छ ।

नेपाल सरकारले निर्धारण गरेको घुम्न पर्ने १०० पर्यटकीय गन्तव्यभित्र पर्ने मुन्दुम पदमार्ग यही क्षेत्र (साल्पा–सिलिचुङ)सम्म विस्तार गरिएको छ । मुन्दुम पदमार्गले छोएको स्थानलाई जोड्दै चारवटै जिल्ला (खोटाङ, भोजपुर, सखुवासभा र सोलुखुम्ब)का स्थानीय तहले आआफ्नो क्षेत्रमा पदमार्गसमेत निर्माण गरिहेका छन् । प्रचारप्रसारको अभावमा ओझेलमा रहेको धार्मिक एवम् पर्यटकीयस्थल

साल्पा–सिलिचुङ आसपास निर्माण गरिएका पदमार्गमा पछिल्लो समय होटल तथा होमस्टे (घरबास)समेत विस्तार हुन थालेका छन् । रासस

# पेट्रोलियम उत्पादनका लागि सम्झौताको गृहकार्य

**काठमाडौँ ।**
खानी तथा भूगर्भ विभागले पेट्रोलियम उत्पादनका लागि दोस्रो चरणको सम्झौताको गृहकार्य गरेको छ । विभागले व्यावसायिक उत्खननका लागि विभाग र चाइना जियोलोजिकल सर्भेबीच थप सम्झौताका लागि आन्तरिक तयारी गरेको हो ।

पेट्रोलियम पदार्थको आन्तरिक उत्पादनका लागि चीन सरकारको प्राविधिक सहयोगमा सञ्चालित पेट्रोलियम अन्वेषण परियोजनाले दैलेखको भैरवी गाउँपालिका–१, जलजलेमा पहिलो चरणको 'ड्रिलिङ', अन्वेषण कार्यलगायत सकिएको जनाएको छ । पेट्रोलियम पदार्थको ड्रिलिङ र अन्वेषण कार्यहरू सम्पन्न गरेको विभागले व्यावसायिक उत्पादन सुरु गर्न उक्त सम्झौताका लागि विभागले आवश्यक सहयोग प्राप्त गर्न सरकारसँग समन्वय गरेको हो । विभागले चीनको प्राविधिक टोलीसँगको सहकार्यमा हालै सिस्मिक सर्भे, जियोलोजिकल सर्भे, म्याग्नेटो टेल्युरिक सर्भे र जिओ केमिकल स्याम्पलिङ सर्भे सम्पन्न गरेको पेट्रोलियम अन्वेषण परियोजनाका निमित्त प्रमुख धर्मराज खड्काले जानकारी दिए ।

पेट्रोलियम पदार्थ उत्पादन तथा भण्डारण परिमाणको अध्ययनका लागि गरिएको नमूना परीक्षणले समेत पेट्रोल र प्राकृतिक ग्यासको सम्भावनालाई पुष्टि गरेको जनाइएको छ ।

परियोजनाको सफल कार्यान्वयन हुन सके पेट्रोल र प्राकृतिक ग्यासको आयातमा खर्च भइरहेको ठूलो रकम कटौती गर्न सकिने बताइएको छ । यसले आयात प्रतिस्थापनका साथै मुलुकको आर्थिक विकासमा सहयोग पुग्ने छ । रासस

# बजेटको उच्च प्राथमिकतामा सुरुङमार्ग



**काठमाडौं ।**
मुलुकभित्र दुई वटा सुरुङमार्ग निर्माण सम्पन्न भई सञ्चालनको अन्तिम तयारीमा पुगेको बेला सरकारले थप स्थानमा सुरुङ निर्माण गर्ने योजना अगाडि सारेको छ । नागढुङ्गा–नौबिसे सुरुङमार्ग निर्माण सम्पन्न भइसकेको छ । सो सुरुङमार्ग सञ्चालनका लागि आवश्यक प्राविधिक तयारीको काम भइरहेको छ । सिद्धबाबा सुरुङमार्ग निर्माण सम्पन्न गरी आगामी असोजदेखि सञ्चालनमा ल्याउने तयारी गरिएको छ ।

काठमाडौँ तराई–मधेस द्रुतमार्गमा पनि छ वटा सुरुङ निर्माणको क्रममा छ । सहज यातायात सञ्चालनका लागि सरकारले आगामी आर्थिक वर्षको बजेटमा सुरुङमार्गलाई विशेष प्राथमिकतामा राखेको छ ।

आगामी आवको बजेटमा सरकारले टोखा–छहरे सुरुङमार्गको विस्तृत सम्भाव्यता अध्ययन गर्ने विषयलाई समावेश गरेको छ । सो सुरुङमार्गको चिनियाँ पक्षले प्रारम्भिक तहको सबै अध्ययन गरिसकेको छ । कर्णालीको जनजीवनलाई सहज बनाउन जाजरकोटको मुलमासदेखि जम्लाको टोपलासम्म सुरुङमार्गको सम्भाव्यता अध्ययन गर्ने योजना बजेटमा समावेश गरिएको छ ।

खुर्कोट– चियाबारी, थानकोट–चित्लाङ, मझिमटार–शक्तिखोर र चिसापानी–बबई सुरुङ निर्माणसम्बन्धी अध्ययन गर्ने उल्लेख छ । नागढुङ्गा–नौबिसे सिस्नेखोला सुरुङमार्गको कूल लम्बाइ दुई हजार ६८८ मिटर रहेको छ । सो सुरुङमार्ग निकट भविष्यमा नै सञ्चालनमा ल्याउने तयारी छ । काठमाडौँ तराई–मधेस द्रुतमार्गको लेनडाँडा, धेद्रे, महादेवटारमा तीन वटा सुरुङ निर्माणको क्रममा छ । देवीचौर, सिसौटार र चन्द्रामभीरमा पनि सुरुङ निर्माण हुँदैछ ।

देशभित्र सडक सुरुङमार्ग निर्माणले गति लिइरहेको बेला अर्थमन्त्री डा स्वर्णिम वाग्लेले शुक्रबार सङ्घीय संसद्मा पेस गर्नुभएको आगामी आर्थिक वर्षको बजेटमा थप नयाँ परियोजना अगाडि बढाउने उल्लेख गरेका छन् । यसअघि आव २०७८–७९ को बजेटमा लामाबगर, धरान–लेउती सुरुङका लागि रकम विनियोजन गरिएको थियो । मझिमटार–शक्तिखोर–जोगिमारा सुरुङमार्ग निर्माणका बारेमा पनि चर्चा चलेको थियो ।

सडक विभागका अनुसार सम्भाव्यता देखिएका १७ वटा सुरुङमार्गको पहिचान गरी भौगर्भिक अध्ययनको कार्य अगाडि बढाइएको छ । नेपालमा चन्द्रशम्शेरको समयमा नै मकवानपुरको चुरियामा ७६१ मिटर लामो सुरुङमार्ग निर्माण गरिएको इतिहास छ । रासस

# सियोलमा मनाइयो सगरमाथा दिवस



**काठमाडौँ ।**
दक्षिण कोरियाको राजधानी सियोलमा ७३औँ सगरमाथा दिवस मनाइएको छ । सियोलस्थित नेपाली राजदूतावासले उमः हङ गिल ह्युमन फाउन्डेसनको सहकार्यमा विशेष कार्यक्रम आयोजना गरी दिवस मनाएको दूतावासले जनाएको छ ।

कार्यक्रममा परराष्ट्रमन्त्री शिशिर खनालले भिडियो सन्देशमार्फत शुभकामना दिए । उनले सगरमाथा र नेपालका अन्य हिमालको आरोहण गर्ने उपस्थित सबै कोरियाली पर्वतारोहीलाई हार्दिक बधाई दिँदै पर्वतारोहीहरू, पर्यटन व्यवसायीहरू, पदयात्रीहरू र पर्यटकलाई अनुपम प्रकृति, विविध संस्कृति, साहसिक यात्रा, तीर्थयात्रा, शान्ति र आरोग्यताजस्ता सबै प्रकारका पर्यटन गन्तव्यस्थलका रूपमा नेपाललाई अनुभव गर्न आमन्त्रित गरे ।

कार्यक्रममा दक्षिण कोरियाका लागि नेपाली कार्यवाहक राजदूत निर्मलप्रसाद भट्टराईले नेपालका हिमाल, प्राकृतिक सौन्दर्य, सांस्कृतिक सम्पदा र नेपाली आतिथ्यताबारे जानकारी गराउँदै कोरियाली नागरिकलाई नेपाल भ्रमण गर्न आग्रह गरे । उनले जलवायु परिवर्तनका कारण हिमाली क्षेत्रमा परेको प्रभावबारे चर्चा गर्दै हिमाली पारिस्थितिकीय प्रणाली संरक्षणका लागि अन्तरराष्ट्रिय सहकार्य आवश्यक रहेको बताए ।

उनले भने, जलवायु परिवर्तनको प्रभाव कुनै एक राष्ट्र वा क्षेत्रमा मात्र सीमित नरही विश्वव्यापी चुनौतीका रूपमा देखिएको छ, यसको समाधानका लागि सामूहिक अन्तरराष्ट्रिय पहलको आवश्यकता बोध गरी नेपाल सरकारले सन् २०२५ देखि जलवायु परिवर्तन, हिमाली पारिस्थितिक प्रणाली तथा दिगो विकाससँग सम्बन्धित विश्वव्यापी, क्षेत्रीय र राष्ट्रिय सरोकारका विषयमा साझा बहस र सहकार्य प्रवद्र्धन गर्ने उद्देश्यले 'सगरमाथा संवाद' नामक बहुपक्षीय तथा अन्तर क्षेत्रीय संवाद मञ्च स्थापना गरेको र यसको पहिलो संस्करण सफलतापूर्वक सम्पन्न गरेको छ ।

कार्यक्रममा सगरमाथा आरोही, पर्यटन व्यवसायी तथा विज्ञहरूले नेपालमा पर्वतीय पर्यटनको सम्भावना, जलवायु परिवर्तनका चुनौती र दिगो पर्यटन प्रवद्र्धनका विषयमा धारणा राखेका थिए । कोरियाली तथा नेपाली समुदाय, पर्यटन व्यवसायी, सञ्चारकर्मी र विभिन्न संस्थाका प्रतिनिधिसहित करिब ११५ जनाको सहभागिता रहेको थियो । रासस

# शोकलाई सेवामा रूपान्तरणः वीरगंजमा दुई परिवारद्वारा नेत्रदान




**मधेशदृष्टि**
**वीरगंज ।**
वीरगंजमा दुई व्यक्तिको निधनपछि उनका परिवारजनले मानवीय सेवाको उत्कृष्ट उदाहरण प्रस्तुत गर्दै नेत्रदान गरेका छन् । दुःखद परिस्थितिमा पनि समाजप्रति जिम्मेवारी र मानवताप्रतिको समर्पण देखाउँदै गरिएको यस कार्यले धेरैका लागि प्रेरणादायी सन्देश दिएको छ ।

वीरगंजका शंकरलाल सरावगीको निधनपश्चात् उनका पुत्रद्वय आशीष सरावगी र प्रदीप सरावगीको सहमतिमा नेत्रदान गरिएको हो । त्यस्तै लक्ष्मणबहादुर श्रेष्ठको निधनपछि उनका छोरा सुदर्शन श्रेष्ठले पनि नेत्रदानका लागि सहमति जनाएपछि प्रक्रिया सम्पन्न गरिएको थियो ।

दुवै परिवारको निर्णयपछि तेरापंथ युवक परिषद् वीरगंजले आवश्यक समन्वय गरेको थियो । केडिया आँखा अस्पतालको चिकित्सक टोलीले मृतकहरूको कर्निया संकलन गरी नेत्रदान कार्यक्रमलाई सफलतापूर्वक सम्पन्न गरेको जनाएको छ । मृत्युपछि गरिने नेत्रदानले दृष्टिविहीन व्यक्तिहरूलाई पुनः दृष्टि प्राप्त गर्ने अवसर प्रदान गर्न सक्छ । यही कारण पछिल्ला वर्षहरूमा नेत्रदानप्रति जनचेतना क्रमशः बढ्दै गएको छ । विशेषगरी नेपाल–भारत सीमावर्ती क्षेत्रमा यसप्रति सकारात्मक सोच विकसित हुँदै गएको देखिन्छ ।

वीरगंजमा सम्पन्न यो मानवीय कार्यले अंगदान तथा नेत्रदानप्रति समाजमा थप जागरण ल्याउने अपेक्षा गरिएको छ । व्यक्तिगत शोकको क्षणलाई अरूको जीवनमा उज्यालो भर्ने अवसरका रूपमा रूपान्तरण गर्ने दुवै परिवारको निर्णयलाई स्थानीयवासीहरूले उच्च सम्मानका साथ हेरेका छन् । मानव सेवाभन्दा ठूलो धर्म केही छैन भन्ने सन्देश प्रवाह गरेको यस नेत्रदान अभियानलाई समाजका लागि अनुकरणीय उदाहरणका रूपमा लिइएको छ ।

मृत्युपछि पनि अरूको जीवनमा प्रकाश भर्न सकिने सन्देश दिन सफल यी परिवारको उदारता र सामाजिक उत्तरदायित्वप्रति विभिन्न क्षेत्रबाट प्रशंसा व्यक्त भइरहेको छ ।

# मधेशका आवश्यकता सम्बोधन गर्न बजेट असफलः डा. सिंह



**मधेशदृष्टि**
**जनकपुरधाम ।**
तराई मधेश लोकतान्त्रिक पार्टीका वरिष्ठ नेता डा. विजय सिंहले संघीय सरकारले आगामी आर्थिक वर्ष २०८३÷८४ का लागि ल्याएको बजेटले मधेश प्रदेशका वास्तविक आवश्यकता र विकासका प्राथमिकतालाई पर्याप्त रूपमा सम्बोधन गर्न नसकेको बताएका छन् ।

शुक्रबार जारी गरिएको आफ्नो प्रतिक्रियामा उनले बजेटमा क्षेत्रीय असमानता घटाउने तथा मानवीय विकास सूचकांकका आधारमा स्रोत–साधनको न्यायोचित वितरण सुनिश्चित गर्ने स्पष्ट प्रतिबद्धता नदेखिएको टिप्पणी गरेका हुन् । मधेशजस्ता विकासका दृष्टिले पछाडि परेका क्षेत्रका लागि विशेष कार्यक्रम र लक्षित लगानी आवश्यक भए पनि बजेट त्यसतर्फ केन्द्रित हुन नसकेको उनको भनाइ छ ।

डा. सिंहले अर्थमन्त्री डा. स्वर्णिम वाग्लेले बजेट प्रस्तुतिका क्रममा अपनाएको शैली तथा कृत्रिम बुद्धिमत्ता (एआई) लगायत आधुनिक प्रविधिमैत्री अवधारणाको चर्चा सकारात्मक रहेको स्वीकार गरे । तर ती अवधारणालाई कार्यान्वयनमा लैजान आवश्यक ठोस योजना र पर्याप्त बजेट व्यवस्था भने नदेखिएको उनले बताए ।

उनका अनुसार मधेशमा बढ्दो बेरोजगारी, गुणस्तरीय स्वास्थ्य सेवाको अभाव, शिक्षा क्षेत्रका चुनौती तथा खानेपानी समस्याजस्ता आधारभूत विषयलाई बजेटले अपेक्षित महत्व दिन सकेको छैन । कृषि र सिंचाइमा आधारित मधेशको अर्थतन्त्रलाई सबल बनाउन विशेष कार्यक्रम आवश्यक रहे पनि बजेटमा त्यसको स्पष्ट प्रतिबिम्ब नदेखिएको उनले उल्लेख गरे ।

सुनकोशी–मरिन बहुउद्देश्यीय आयोजनालाई निरन्तरता दिनु सकारात्मक पक्ष भए पनि लामो समयदेखि चर्चामा रहेको सुनकोशी–कमला जलस्थानान्तरण आयोजनाबारे कुनै ठोस योजना वा बजेट व्यवस्था नगरिनु चिन्ताको विषय भएको उनको भनाइ छ । उक्त आयोजना मधेशको कृषि उत्पादन र दीर्घकालीन सिंचाइ व्यवस्थासँग प्रत्यक्ष रूपमा जोडिएको भन्दै सरकारले यसलाई बेवास्ता गरेको आरोप उनले लगाए ।

धार्मिक तथा सांस्कृतिक पर्यटनको प्रचुर सम्भावना बोकेको जनकपुरधामलगायतका क्षेत्रलाई अन्तर्राष्ट्रिय पर्यटन गन्तव्यका रूपमा विकास गर्ने विषयमा पनि बजेट मौन रहेको डा. सिंहले बताए । विदेशी, विशेषगरी भारतीय पर्यटक आकर्षित गर्न आवश्यक पूर्वाधार, यातायात सुविधा तथा पर्यटन प्रवर्द्धन कार्यक्रम समेटिन नसकेको उनको गुनासो छ । स्वास्थ्य र शिक्षा क्षेत्रमा अझै गम्भीर चुनौती कायम रहेको उल्लेख गर्दै उनले यी क्षेत्रको सुधारका लागि पर्याप्त लगानी, प्रभावकारी नीति तथा परिणाममुखी कार्यक्रम आवश्यक रहेको धारणा राखे ।

समग्रमा बजेटले केही नयाँ अवधारणा र सोच प्रस्तुत गरे पनि मधेशवासीमा विकासप्रतिको आशा र भरोसा जगाउने स्पष्ट दृष्टिकोण दिन नसकेको डा. सिंहको निष्कर्ष छ। उनका अनुसार आकर्षक भाषण र नीतिगत घोषणाभन्दा पनि पछाडि परेका क्षेत्रका समस्या समाधान गर्ने व्यवहारिक योजना र लगानी अहिलेको आवश्यकता हो ।

# मधेश सरकारको नीति तथा कार्यक्रम प्रदेश प्रमुखलाई हस्तान्तरण

**मधेशदृष्टि**
**जनकपुरधाम ।**
मधेश प्रदेश सरकारले आगामी आर्थिक वर्ष २०८३/८४ का लागि तयार गरेको वार्षिक नीति तथा कार्यक्रम प्रदेश प्रमुख डा. सुरेन्द्र लाभसमक्ष हस्तान्तरण गरेको छ । शनिबार मुख्यमन्त्री, अर्थमन्त्री, प्रदेश नीति तथा योजना आयोगका उपाध्यक्ष तथा प्रदेश सरकारका उच्च अधिकारीहरूले संयुक्त रूपमा नीति तथा कार्यक्रमको दस्तावेज प्रदेश प्रमुखलाई बुझाएका हुन् ।

प्रदेश सरकारका अनुसार आगामी वर्षको नीति तथा कार्यक्रम आर्थिक समृद्धि, कृषि क्षेत्रको आधुनिकीकरण, रोजगारी प्रवद्र्धन, शिक्षा तथा स्वास्थ्य सेवाको सुधार, पूर्वाधार विकास र सुशासनलाई केन्द्रमा राखेर तयार गरिएको छ । सरकारले विकास निर्माणका




आयोजनाहरूलाई प्रभावकारी रूपमा कार्यान्वयन गर्दै लगानीमैत्री वातावरण निर्माण गर्ने र नागरिकको जीवनस्तरमा प्रत्यक्ष सुधार ल्याउने कार्यक्रमलाई प्राथमिकता दिएको जनाएको छ ।

नीति तथा कार्यक्रम हस्तान्तरण भएसँगै त्यसलाई आधार बनाएर आगामी आर्थिक वर्षको बजेट निर्माण तथा कार्यान्वयन प्रक्रिया अघि बढाइने प्रदेश सरकारले जनाएको छ ।

# विरोधीबाट डराउने अवस्था छैन, रास्वपाको उदय ‘सुनामी’ जस्तै थियोः माधव नेपाल



**मधेशदृष्टि**
**काठमाडौँ ।**
नेपाल कम्युनिष्ट पार्टीका सहसंयोजक तथा पूर्वप्रधानमन्त्री माधवकुमार नेपालले आफ्नो पार्टी अहिले पनि राजनीतिक रूपमा मजबुत अवस्थामा रहेको दाबी गरेका छन् । विरोधी शक्तिहरू आक्रामक देखिएपनि आफूहरूलाई टाउको लुकाएर हिँड्नुपर्ने वा भाग्नुपर्ने कुनै कारण नरहेको उनले बताएका छन् । शनिबार काठमाडौंमा आयोजित अखिल नेपाल महिला संगठनको एकता राष्ट्रिय भेलालाई सम्बोधन गर्दै नेपालले राष्ट्रिय स्वतन्त्र पार्टी (रास्वपा) को निर्वाचन सफलतालाई ‘सुनामी’ सँग तुलना गरे । उनका अनुसार रास्वपाले हासिल गरेको उल्लेखनीय मत र सिटको पछाडि रहेका कारणबारे अझै खोजबिन र बहस भइरहेको छ ।

उनले पार्टीभित्रकै केही व्यक्तिहरूले समय–समयमा विभिन्न रहस्य सार्वजनिक गर्ने चेतावनी दिँदै आएको उल्लेख गर्दै त्यसबेला भएका घटनाक्रमबारे भविष्यमा थप तथ्य बाहिर आउने संकेत गरे । निर्वाचन प्रक्रियामा विभिन्न निकायहरूको भूमिका, मतपत्र व्यवस्थापन तथा अन्य पक्षहरूबारे समेत एक दिन वास्तविकता खुल्ने उनको भनाइ थियो । नेपालले निर्वाचनको परिणामलाई केवल सामान्य राजनीतिक परिवर्तनका रूपमा नभई असाधारण घटनाका रूपमा व्याख्या गरे । उनले त्यसको पृष्ठभूमि र त्यसबेलाको परिस्थितिबारे अझै गहिरो अध्ययन आवश्यक रहेको बताए ।

भेलालाई सम्बोधन गर्ने क्रममा उनले नेपालको लोकतान्त्रिक अभ्यासमा महिला र दलित समुदायको सहभागिता सुनिश्चित गर्न आफ्नो राजनीतिक धाराले खेलेको भूमिकाको पनि चर्चा गरे । वि.सं. २०४७ सालको संविधान निर्माण प्रक्रियादेखि नै राज्यका महत्वपूर्ण निकायमा महिलाको प्रतिनिधित्व अनिवार्य बनाउन आफूहरू अग्रसर रहेको उनको दाबी थियो । राष्ट्रपति, उपराष्ट्रपति, सभामुख, उपसभामुखलगायत संवैधानिक तथा राजनीतिक पदहरूमा महिला सहभागिता सुनिश्चित गर्ने व्यवस्थाको श्रेय आफ्नो राजनीतिक धारालाई जाने उनले बताए । अहिले राजनीतिक सफलता हासिल गरेका दलका नेताहरूले त्यस प्रक्रियामा कति योगदान दिएका थिए भन्ने प्रश्नसमेत उनले उठाए ।

नेपालले लोकतान्त्रिक अधिकार, समावेशी प्रतिनिधित्व र सामाजिक न्यायका लागि आफूहरूले लामो समयदेखि संघर्ष गर्दै आएको उल्लेख गर्दै ती उपलब्धिहरूको मूल्यांकन इतिहासले गर्ने विश्वास व्यक्त गरे ।

# निर्वाचन केन्द्रित ‘मिसन पार्टी जागरण’ अभियानमा एमाले, संगठन सुदृढीकरणमा जोड




**मधेशदृष्टि**
**काठमाडौँ ।**
नेकपा एमालेले आगामी प्रदेश तथा स्थानीय तह निर्वाचनलाई लक्षित गर्दै देशव्यापी ‘मिसन पार्टी जागरण’ अभियान सञ्चालन गर्ने घोषणा गरेको छ । पार्टीले संगठनलाई तल्लो तहसम्म थप सक्रिय बनाउँदै चुनावी तयारीलाई तीव्रता दिने उद्देश्यसहित अभियान अघि बढाएको जनाएको छ । शुक्रबार जारी गरिएको अपानि–२ मार्फत एमालेले अभियानको औपचारिक जानकारी सार्वजनिक गरेको हो ।

पार्टी सचिवालयको गत जेठ १० गते बसेको बैठकले केन्द्रीय नेताहरूको कार्यविभाजन टुंग्याएपछि सोही आधारमा अभियानलाई कार्यान्वयनमा लगिएको जनाइएको छ । अपानिमा पार्टी अध्यक्ष केपी शर्मा ओलीको राजनीतिक सन्देश, केन्द्रीय नेताहरूको जिम्मेवारी बाँडफाँट तथा स्थानीय तहसम्मको परिचालन योजनालाई समेटिएको छ । पार्टीले निर्वाचनको पूर्वतयारीलाई व्यवस्थित र प्रभावकारी बनाउन देशभर नेताहरूलाई विभिन्न जिम्मेवारीसहित खटाएको जनाएको छ ।

एमालेका प्रचार विभाग प्रमुख निरज आचार्यका अनुसार ‘मिसन पार्टी जागरण’ अभियानको मुख्य लक्ष्य संगठन विस्तार, जनसम्पर्क सुदृढीकरण र आगामी निर्वाचनका लागि कार्यकर्तालाई सक्रिय बनाउनु हो । उनले महानगरपालिका र उपमहानगरपालिकाका वडासम्म केन्द्रबाटै इन्चार्ज तोकिएको जानकारी दिए । अभियानमा केन्द्रीय सदस्य, केन्द्रीय सल्लाहकार परिषद्का सदस्य, विभिन्न केन्द्रीय आयोगका पदाधिकारी, प्रतिनिधिसभाका उम्मेदवार, प्रदेश तथा जिल्ला तहका वरिष्ठ नेताहरूलाई समेत परिचालन गरिएको छ ।

पार्टीले सबै तहका नेताहरूलाई जिम्मेवारी बाँडफाँट गर्दै संगठनात्मक गतिविधिलाई तीव्र बनाउने रणनीति अपनाएको जनाएको छ । एमालेले प्रदेश, जिल्ला, जनसंगठन तथा विभागगत संरचनामा समेत नेताहरूको जिम्मेवारी निर्धारण गरेको छ । यसमार्फत स्थानीय तहमा पार्टीको उपस्थितिलाई थप मजबुत बनाउने, जनतासँगको सम्बन्ध विस्तार गर्ने तथा निर्वाचन केन्द्रित गतिविधिलाई व्यवस्थित बनाउने लक्ष्य लिइएको छ । पार्टी नेतृत्वले अभियानलाई केवल संगठन विस्तारमा सीमित नराखी आगामी निर्वाचनका लागि जनमत निर्माण, कार्यकर्ता परिचालन तथा राजनीतिक सन्देशलाई जनस्तरसम्म पु¥याउने माध्यमका रूपमा समेत उपयोग गर्ने तयारी गरेको जनाएको छ ।

# कुशीनगरबाट ४५३ नेपालीको उद्धार, बेलहिया नाका हुँदै स्वदेश फिर्ता

**मधेशदृष्टि**
**बुटवल ।**
भारतको उत्तर प्रदेशस्थित कुशीनगर क्षेत्रमा विभिन्न प्रलोभनमा पारेर राखिएका ४५३ जना नेपाली नागरिकलाई उद्धार गरी नेपाल ल्याइएको छ । भारतीय प्रहरीको समन्वय र सहयोगमा नेपाल प्रहरीको टोलीले उनीहरूलाई सुरक्षित रूपमा स्वदेश फर्काएको हो । नेपाल प्रहरीको टोली शुक्रबार राति कुशीनगर पुगेको थियो । त्यहाँबाट उद्धार गरिएका नेपाली नागरिकलाई आठवटा बसमार्फत शनिबार बिहान बेलहिया नाका हुँदै रुपन्देही ल्याइएको प्रहरीले जनाएको छ ।

जिल्ला प्रहरी कार्यालय रुपन्देहीका प्रमुख प्रहरी उपरीक्षक (एसपी) जनकबहादुर शाहीका अनुसार उद्धार गरिएकामध्ये करिब आधाजति महिला रहेका छन् । हाल उनीहरूको पहिचान खुलाउने तथा व्यक्तिगत विवरण संकलन गर्ने काम भइरहेको उनले बताए । एसपी शाहीले रोजगारीलगायत विभिन्न आश्वासन र प्रलोभनमा पारेर नेपालीहरूलाई भारतको कुशीनगर क्षेत्रमा पु¥याइएको सूचना प्राप्त भएपछि उद्धार अभियान सञ्चालन गरिएको जानकारी दिए । उनका अनुसार आवश्यक विवरण संकलन र कानुनी प्रक्रिया पूरा गरेपछि सबैलाई सम्बन्धित घरपरिवारसम्म पठाइनेछ ।

प्रहरीले तथ्यांक संकलन तथा पहिचान प्रमाणीकरणका काम सम्पन्न गर्न केही समय लाग्ने जनाएको छ । साथै, ती नेपाली नागरिकहरूलाई भारतसम्म कसले र कुन उद्देश्यले पु¥यायो भन्ने विषय अझै खुल्न बाँकी रहेको र त्यसबारे विस्तृत अनुसन्धान अघि बढाइने एसपी शाहीले बताए । घटनाले नेपाली नागरिकलाई वैदेशिक रोजगारी तथा अन्य आकर्षक प्रस्तावको नाममा जोखिमपूर्ण अवस्थातर्फ लैजाने गिरोह सक्रिय हुन सक्ने संकेत गरेको भन्दै प्रहरीले यस प्रकरणलाई गम्भीरतापूर्वक अनुसन्धान गरिरहेको जनाएको छ ।

मधेश प्रदेश प्रकाशन समूहद्वारा प्रकाशित तथा मुद्रित, सम्पर्कः वीरगंज महानगरपालिका–१३, पर्सा, मोबाइल नं.–९८५५०२१२८१, कार्यालयः जनकपुरधाम–२, भानुचोक, किशोरी नगर, फोन नं.–०४१–५९०२८९, E-mail: madheshdristi@gmail.com, अध्यक्षः ध्रुव साह, सम्पादकः रामकुमार एलन